
# लेखापरीक्षण प्रतिवेदन

## पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/2

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
पाथीभरा याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
थेचम्बु, ताप्लेजुङ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.५ करोड ९५ लाख ८९ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.८८ करोड ९३ हजार लेखापरीक्षण गरिएकोमा रु.१ करोड ७८ लाख ४४ हजार (२.०२ प्रतिशत)

बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.७६ लाख ३७ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.११ लाख १५ हजार, नियमित गर्नुपर्ने रु.८० लाख ३४ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.१४ लाख १८ हजार रहेको छ । गत वर्षसम्म रु.२ करोड ४३ लाख ९४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३ करोड ४९ लाख ६१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पाथीभरा याङवरक गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पाथीभरा याङवरक गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८२ | ४४ | १७८४४१०६ | ० | २५ | ७६३६६३९ | ३६०००० | ८२ | १९ | १०५६७४६७ | १११५२०५ | ८०३४४०५ | १४१७८५७ | ० | ० | ९४५२२६२ | ० |

अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | २४३९४००० | ० | 0 | २४३९४००० | ० | १०५६७४६७ | ३४९६१४६७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४२ | ससर्त रकम फिर्ताको प्रमाण पेश | १,५९,४३७.०० |
| २ | २०८०/८१ | ४४.२ | स्वास्थ्य उपकरण खरिदको प्रमाण पेश | २०,७९,४०४.०० |
| ३ | २०८०/८१ | ४५ | शिक्षातर्फको विभिन्न बढी भुक्तानी असुलको प्रमाण पेश | २,५५,७५०.०० |
| ४ | २०८०/८१ | ४८ | आवधिक योजना निर्माणको प्रमाण पेश | २,३६,०००.०० |
| ५ | २०८०/८१ | ४९ | अनुगमन भत्ता भुक्तानीको अनुगमन प्रतिवेदन पेश | ६,७२,०००.०० |
| ६ | २०८०/८१ | ५४ | मू.अ.कर समायोजनको प्रमाण पेश | ३,४६,६९१.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ६०.२ | जोखिममा रहेको पेस्की जमानतको म्याद थप गरी प्रमाण पेश | ३८,८७,३५७.०० |
| **जम्मा** | | | | **७६,३६,६३९.००** |

# (८०१०१५०६३०० - पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ )

## परिचय

१

**(क) कार्यालयको परिचय** - पाथीभरा याङवरक गाउँपालिका नेपालको कोशी प्रदेश अन्तरगत ताप्लेजुङ जिल्लाको पुर्वी भागमा अवस्थित एक सुन्दर गाउँपालिका हो। यस गाउँपालिकाको कूल क्षेत्रफल ९२.७६ वर्गकिलोमिटर रहेको छ। यस गाउँपालिकाको कूल जनसङ्ख्या ११,८०६ (राष्ट्रिय जनगणना २०७८ अनुसार) रहेको छ। यस गाउँपालिकाको सिमाना पूर्व-उत्तरमा सिरीजंघा गाउँपालिका, पश्चिममा फुङलिङ नगरपालिका र दक्षिणमा ताप्लेजुङ र पाँचथरको सिमाना कावेली खोला रहेको छ। यस गाउँपालिकामा अवस्थित पर्यटकीय स्थलहरू केसानी नाम्सानी, टोड्के पहरा, धापपोखरी, सिरीजंघा माङ्हिम, साम्बाछ्यो खोर्लिङ्ग गुम्वा रहेको छ। यस गाउँपालिकालाई ६ वडामा विभाजन गरिएको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय -व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१५ देखि २०८१।०६।०९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय-व्ययतर्फ रु.८८,००,९२,६८४।५७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३,४४,०३३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैक |
|---|---|---|---|---|
| कृषि तथा पशु सामाग्री सप्लायर्स | घटि कर कट्टी | ३४७३ | ०५/१८/२०८१ | राष्ट्रिय वाणिज्य बैंक |
| औषधी खरिद | बढी भुक्तानी भएको | २२६० | ०५/१८/२०८१ | राष्ट्रिय वाणिज्य बैंक |
| चालु खर्च | बैठकभत्ता, भ्रमण लगायतको | ३३८३०० | ०६/१३/२०८१ | लक्ष्मी सनराईज बैंक |
| **जम्मा** | | **३४४०३३** | | |

२ **प्राप्ति भुक्तानी हिसाब**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पाथीभरा याङवरक गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरूको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आर्थिक वर्षको कारोबार | गत आर्थिक वर्षको कारोबार |
|---|---|---|---|
| | | जम्मा | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ६०४९७२९८.४६ | ५९९११५३४.१६ |
| १३००० | अनुदान | २८४४१६४५७.३३ | ३१६७६९०२३.३१ |
| १४००० | अन्य राजस्व | ३३७३२७६.८२ | ६०१७८५०.२८ |
| १५००० | विविध प्राप्ति | ३५०५२५२.३६ | ६७१७६९.६६ |
| **क** | **कुल जम्मा प्राप्ती** | **३५१७९२२८४.९७** | **३८३३७०१७७.४१** |
| ३ | चालु | २६३२१६३६४.६९ | २४८६९५१६२.१३ |
| २१००० | पारिश्रमिक / सुविधा | १७०९३०४६९.७४ | १६७४९४०२७.७८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८१८११७७६.९५ | ७१७९२३४८.३५ |
| २५००० | सहायता (Subsidy) | ५००००.०० | ०.०० |
| २६००० | अनुदान | ०.०० | १३०००००.०० |
| २७००० | सामाजिक सुरक्षा | १०१४११८३.०० | ७३०४४९४.०० |
| २८००० | अन्य खर्च | २८२९३५.०० | ८०४२९२.०० |
| ४ | पुँजीगत | १११८४५७१९.०० | १४१९८९९१९.२५ |
| ३१११० | भवन तथा संरचना | ३१२९४४०९.०० | ४३७४७९८४.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | १२२४२२३४.०० | १११०५३३६.०० |
| ३११३० | अन्य पुँजीगत खर्च | ०.०० | १०००००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६६१५४५९२.०० | ८२२५९९७२.९५ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ०.०० | ४७७७६३.०० |
| ३११७० | पुँजीगत सुधार खर्च | २१५४४८४.०० | ३२५१४३५.०० |
| ३१४१० | जग्गा प्राप्ति खर्च | ०.०० | १०४७४२८.३० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **३७५०६२०८३.६९** | **३९०६८५०८१.३८** |
| **ग)** | **बचत/कमी (ग=क-ख)** | **-२३२६९७९८.७२** | **-७३१४९०३.९७** |
| **घ)** | **धरौटी/आकस्मिक कोष /अन्य कोषको मौज्दातको थप/घट (+/-)** | **-४२३४०२७.६६** | **१८११९५.७५** |
| **घ.१)** | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी** | | **-१७२.००** |
| **ङ)** | **यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत/कमी) (ङ=ग+घ)** | **-२७५०३८२६.३८** | **-५५०३७०८.२२** |

| | | | |
|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ९८६८३२३८.७१ | १०४१८६९४६.९३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज=ङ+च+छ) | ७११७९४१२.३३ | ९८६८३२३८.७१ |

३ **एकीकृत आर्थिक विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम आर्थिक वर्ष २०८०/८१ को यस पाथीभरा याङवरक गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसावको एकीकृत संक्षिप्त विवरण निम्नानुसार रहेको छः

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **१००९६६२२९.००** | १ | **संघीय समानीकरण अनुदान** | **७३३४९१७०.२५** |
| | क. स्थानीय संचितकोष खाता | ८४०७९७८४.७६ | | क. चालु | ३७३९७८३२.२५ |
| | ख. स्थानीय तह धरौटी खाता | ५४९६९९७.५७ | | ख. पुँजीगत | ३५९५१३३८.०० |
| | ग. प्रकोप व्यवस्थापन कोष खाता | २६५९.०० | २ | **संघीय ससर्त** | **१६६३९२८३७.३३** |
| | घ. विविध खर्च खाता/कोष | २५४९०५४.२९ | | क. चालु | १६३७५४२५६.३३ |
| | ङ. कर्मचारी कल्याण कोष | ६९५१८२४.०० | | ख. पुँजीगत | २६३८५८१.०० |
| | च. आकस्मिक कोष | २९४०४२.०० | ३ | **संघीय समपूरक अनुदान पुँजीगत** | **३६३८५०३.००** |
| | छ. कार्य सञ्चालन कोष | १२१८९३५.०० | ४ | **संघीय विशेष अनुदान पुँजीगत** | **५२३५९१६.००** |
| | ज. मर्मत सम्भार कोष | ३७२९३२.३८ | ५ | **आन्तरिक स्रोत** | **६०१५७१४८.००** |
| २ | **राजश्व आय** | **६७३७५६५५.६४** | | क. चालु | ५८३८१०३.०० |
| | क. आन्तरिक राजश्व | ५५८११५३.४६ | | ख. पुँजीगत | ५४३१९०४५.०० |
| | ख. राजश्व बाँडफाँट (संघीय,प्रदेश र स्थानीय) | ६१७९४५०२.१८ | ६ | **राजश्व बाँडफाँट चालु** | **५४०२३७६९.११** |
| ३ | **संघ सरकारबाट हस्तान्तरण** | **२७१८९४२५६.३३** | ७ | **प्रदेश समानीकरण अनुदान चालु** | **१३५०५३९.००** |
| | क. वित्तीय समानीकरण अनुदान | ९६६२७०००.०० | ८ | **प्रदेश समपूरक अनुदान पुँजीगत** | **७९३६३३६.००** |
| | ख. ससर्त अनुदान | १६६३९२८३७.३३ | ९ | **प्रदेश ससर्त अनुदान पुँजीगत** | **२९७७८६५.००** |
| | ग. समपूरक अनुदान (पुँजीगत) | ३६३८५०३.०० | | क. चालु | ८५१८६५.०० |
| | घ. विशेष अनुदान (पुँजीगत) | ५२३५९१६.०० | | ख. पुँजीगत | २१२६०००.०० |
| ४ | **प्रदेश सरकारबाट हस्तान्तरण** | **१२५२२२०१.००** | १० | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५९५८९२७८.००** |
| | क. वित्तीय समानीकरण अनुदान | १६०८०००.०० | | क. सामाजिक सुरक्षा | ५९५८९२७८.०० |
| | ख. समपूरक अनुदान (पुँजीगत) | ७९३६३३६.०० | ११ | **कार्यसञ्चालन कोष** | **१५५९००९३.००** |
| | ग. ससर्त अनुदान | २९७७८६५.०० | | क. प्रकोप व्यवस्थापन कोष खाता | २६५३५९८.०० |
| ५ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५९५८९२७८.००** | | ख. विविध खर्च खाता/कोष | ४५९१९२३.०० |
| | क. सामाजिक सुरक्षा | ५९५८९२७८.०० | | ग. कर्मचारी कल्याण कोष | २९७८९२९.०० |
| ६ | **कार्यसञ्चालन कोष** | **११८१०९७६.९८** | | घ. आकस्मिक कोष | १०२१८९१.०० |
| | क. प्रकोप व्यवस्थापन कोष खाता | २६५१८६२.०० | | ङ. कार्य सञ्चालन कोष | २७६९०९०.०० |
| | ख. विविध खर्च खाता/कोष | २३७६५६६.९८ | | च. मर्मत सम्भार कोष | १५७४६६२.०० |
| | ग. कर्मचारी कल्याण कोष | ०.०० | १२ | **धरौटी फिर्ता** | **४६९८२९५.९३** |
| | घ. आकस्मिक कोष | १००००००.०० | १३ | **मौज्दात रकम (स्रेस्ता अनुसार)** | **७११७९४१२.३३** |
| | ङ. कार्य सञ्चालन कोष | ३४२५७७५.०० | | क. स्थानीय संचितकोष खाता | ६०८०९८१४.०४ |
| | च. मर्मत सम्भार कोष | २३५६७७३.०० | | ख. स्थानीय तह धरौटी खाता | २७५९२६७.६४ |
| ७ | **धरौटीको प्राप्ती** | **१९६०५६६.००** | | ग. प्रकोप व्यवस्थापन कोष खाता | ९२३.०० |
| | | | | घ. विविध खर्च खाता/कोष | ३३३६९८.२७ |
| | | | | ङ. कर्मचारी कल्याण कोष | ३९७२८९५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | च. आकस्मिक कोष | २७२१५१.०० |
| | | | | छ. कार्य सञ्चालन कोष | १८७५६२०.०० |
| | | | | ज. मर्मत सम्भार कोष | ११५५०४३.३८ |
| | **जम्मा** | **५२६११९१६२.९५** | | **जम्मा** | **५२६११९१६२.९५** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्न अनुसार देखिएको छः

४.१ **दुई लेखाप्रणाली** - एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ। सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कायम नहुने हुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन नसक्ने देखियो। सोका कारण वर्षभरी भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागु गर्नुपर्ने र दुई लेखाप्रणाली लागु गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागु गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

४.२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.२२,८२,९९०।२९, यस वर्षको प्राप्ति रू.७,३३,६०,८२०।९८ र यस वर्षको भुक्तानी रू.७,९८,७७,६६६।९३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समावेश गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको आर्थिक विवरण (म.ले.प.फा.नं.२७०) | ९८६८३२३८.७१ | ३५१७९२११२.९७ | ३७५०६२०८३.६९ | ७११७९४१२.३३ |
| एकीकृत आर्थिक विवरणअनुसार | १००९६६२२९.०० | ४२५१५२९३३.९५ | ४५४९३९७५०.६२ | ७११७९४१२.३३ |
| **फरक** | **२२८२९९०.२९** | **७३३६०८२०.९८** | **७९८७७६६६.९३** | **०.००** |

४.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.९,८६,८३,४१०।७१ मौज्दात रहेकोमा यो वर्ष रू.९,८६,८३,२३८।७१ जिम्मेवारी सारेको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.१७२।- घटी जिम्मेवारी सम्बन्धमा कार्यालयले यकिन गर्नु पर्दछ ।

४.४ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.५,९५,८९,२७८।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ५ आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली

५.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयले छलफलमा जानकारी दिएको छ । कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

५.२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेकोले पालिकाले यस आर्थिक वर्षको दोस्रो त्रैमासिकको अन्त्यमा तयार गरी कार्यपालिकाबाट स्वीकृत गराई लागु गरेको छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली लागु गरेतापनि वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तिको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजिम रहेका छन् -

**बजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाइएन,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो विकास योजना (२०१५ -३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालीन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने नगरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।

• भ्रमण अभिलेख खाता पूर्ण रूपमा लागु नगरेको ।

**खरिद व्यवस्थापनतर्फ**

• सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ को व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन ।

• सडक निर्माण गर्दा कटिङ्गको परिमाण देखिने क्रससेक्सन ड्रइङ्ग राखि भुक्तानी दिनुपर्नेमा सो नगरेको कारण कटिङ्गको क्षेत्रफल नापीमा राखेको बराबर हो होइन भनी यकिन गर्न नसिकएको ।

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**विविधतर्फ**

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेस्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्योट तथा सम्परीक्षण कार्य नगरेको,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको तयार गरेको आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्दछ ।

## ६ बजेट, योजना तथा खर्च

६.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री रनमाया गुरूङले मिति २०८०।३।१० मा रू.५० करोड ६२ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.४ **खर्च बिश्लेषण** - पालिकाले यस वर्ष आन्तरिक आयबाट रू.५५,८१,१५३।४६, गत आर्थिक वर्षको मौज्दातबाट रू.८,४०,७९,७८४।७६, राजस्व बाँडफाँटबाट रू.६,१७,९४,५०२।१८ र अनुदानबाट रू.२८,४४,१६,४५७।३३ समेत रू.४३,५८,७१,८९७।७३ प्राप्त गरेकोमा चालुतर्फ रू.२६,१८,६५,८२५।६९ र पुँजीगततर्फ रू.११,३१,९६,२५८।- गरी जम्मा रू.३७,५०,६२,०८३।६९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.७०,८४,७५६।- खर्च भएको छ जुन आन्तरिक आयको १२६.९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६९.८२ प्रतिशत चालु र ३०.१८ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गर्नु पर्दछ ।

६.५ **क्षेत्रगत बजेट खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएको छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्च प्रतिशत** | **क्षेत्रगत खर्च प्रतिशत** |
|---|---|---|---|---|
| आर्थिक विकास | १६६७०४२५. | ९२६४४४०. | ५५.५७ | २.४७ |
| सामाजिक विकास | २३२२१४०००. | २०३८१४००२.५८ | ८७.७७ | ५४.३४ |
| पूर्वाधार विकास | १७१३७००००. | ९२६१०३५९. | ५४.०४ | २४.६९ |
| सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र | १२८२६०००. | ११६८७०६०. | ९१.१२ | ३.१२ |
| कार्य सञ्चालन तथा प्रशासनिक | ७३४५१७७५. | ५७६८६२२२.११ | ७८.५४ | १५.३८ |
| **कुल जम्मा** | **५०६५३२२००.** | **३७५०६२०८३.६९** | **७४.०४** | **१००.** |

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा बढी ९१.१२ प्रतिशत र पूर्वाधार विकासमा सबैभन्दा कम ५४.०४ प्रतिशत खर्च गरेको छ । उल्लिखित ५ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये आर्थिक विकासमा सबैभन्दा कम २.४७ प्रतिशत र सामाजिक विकासमा सबैभन्दा बढी ५४.३४ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्च तथा सामाजिक विकासको खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

६.६ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **(रकम रु.हजारमा)** | | | | | | |
|---|---|---|---|---|---|---|
| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पालिका पुँजीगत | ९०२७० | १७६४९ | १२३९७ | २२२१० | ३८०१४ | १८८०३ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ११५१३ | ० | ५ | ० | ११५०८ | ९०४२ |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | १००६२ | ० | ० | ४६२३ | ५४३९ | ३३१३ |
| **जम्मा खर्च** | **१११८४५** | **१७६४९** | **१२४०२** | **२६८३३** | **५४९६१** | **३११५८** |
| **खर्च प्रतिशत** | **१००** | **१५.७८** | **११.०९** | **२३.९९** | **४९.१४** | **२७.८६** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगततर्फ रू.११ करोड १८ लाख ४५ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.१ करोड ७६ लाख ४९ हजार(१५.७८ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१ करोड २४ लाख २ हजार(११.०९ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.२ करोड ६८ लाख ३३(२३.९९ प्रतिशत) र चौथो त्रैमासिकमा रू.५ करोड ४९ लाख ६१ हजार(४९.१४ प्रतिशत) खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र रू.३ करोड ११ लाख ५८ हजार अर्थात २७.८६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने जोखिम देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६.७ **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सामुदायिक भवन, सडक, पैनी, कल्भर्ट निर्माण, औषधी खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरेतापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

६.८ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्न अनुसार योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.२० लाखमाथिका योजना सङ्ख्या | रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रू.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ५९ | १६ | २३ | २० |
| २ | वडास्तरीय | ४९ | ० | १७ | ३२ |
| **जम्मा** | | **१०८** | **१६** | **४०** | **५२** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९८ योजनामात्र कार्यान्वयन भई १० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले छनौट र प्राथिमिकीकरण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रू.६६ लाख २० हजार अबण्डा बजेट व्यवस्था गरेको देखिन्छ। सुरु बजेटमा अबण्डामा राखी विभिन्न मितिमा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ। पालिकामा मर्मत संभार कोषको छुट्टै व्यवस्था भएकोमा सोही कोषबाट कार्यक्रम बनाई खर्च गर्नुपर्दछ । अबण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्ः

| क्र.सं. | योजनाको नाम | बजेट | आयोजना संख्या | खर्च |
|---|---|---|---|---|
| १ | विभिन्न पूर्वाधार निर्माण (साझेदारी) | २०००००० | २ | ७९८८०५ |
| २ | मर्मत संभार कोष | ४०००००० | ६ | २९९९७९९ |
| ३ | प्रकोप व्यवस्थापन कोष | ६२०००० | १ | ५७६९७८ |
| | जम्मा | ६६२०००० | | ४३७५५८२ |

८ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली,२०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने र नियम ३६ मा उक्त प्रगति विवरण समीक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । त्रैमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नु पर्दछ । साथै भौतिक र वित्तीय प्रगति विवरण समिक्षा गर्नु पर्दछ ।

९ **संगठन तथा कर्मचारी व्यवस्थापन**

९.१ **प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापन** - प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म संघबाट समायोजन भई ५, साविक स्थानीय निकायमा कार्यरत २७ र आन्तरिक पदपूर्ती/करारबाट १९ गरी ५२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, सिभिल ईन्जिनियर, आन्तरिक

लेखापरीक्षक सहित १७ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

९.२ **करार कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न पदमा १९ जना कर्मचारी करारमा राखी निजहरूको तलब भत्ता वापत यस वर्ष रू.८५,७८,८२९।- खर्च लेखेको छ ।

९.३ **कर्मचारी कल्याणकोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरेतापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

## १० कानुन निर्माण एवं कार्यान्वयन

१०.१ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ४ वटा नियमावली, २१ वटा कार्यविधि, ६ वटा निर्देशिका र ४ वटा नर्म्स गरी जम्मा ४६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले नमुना कानुनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवश्यक कानुनहरू निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

१०.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी विवाद नरहेको र यो वर्ष १ वटा विवाद दर्ता भएकोमा १ वटा नै फस्र्यौट भएको देखिन्छ ।

## ११ सेवा प्रवाह

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनुपर्दछ। पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ पञ्जिकरण दर्ता ४८२, नागरिकता सिफारिस ३६३, घरवाटो सिफारिस ८२, नाता प्रमाणित २३९, अन्य सिफारिस २३६१ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

## १२ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । सुत्र विवरण अनुसार पालिकाले यस वर्ष विविध खर्चमा पालिकातर्फ रू.१९,९९,८८६।- खर्च

गरेको छ । त्यस्तै सभा सञ्चालन खर्च वापत रू.४,९६,८९४।- खर्च लेखेको छ । पालिकाले कार्यक्रम, सहभागी संख्या नखुलाई विभिन्न होटलको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परीक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.५६ लाख ८१ हजार को करिब ४४ प्रतिशत हुन आउँछ । पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही विविध खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

**१३ सूचना प्रविधी सञ्चालन**

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरू विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरू सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरूको प्रयोगकर्ताको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन्, आधिकारिक रूपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनाधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी कोसँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रूपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्युतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

**१४ कोषहरूको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरूमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम कोषहरूको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख राख्नु पर्दछ ।

**१५ कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि पालिकाले यो वर्ष प्रकोप व्यवस्थापन कोष, मर्मत सम्भार कोषजस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१ करोड १३ लाख ८९ हजार र यस आर्थिक वर्षमा आम्दानी गरेको रु.१ करोड १८ लाख ११ र रु.१ करोड ५५ लाख ९० हजार खर्च गरी रु.७६ लाख १० हजार मौज्दात देखाएको छ । पालिकाले कोष परिचालन सम्वन्धमा कानुन निर्माण गरेको देखिएन । एकै प्रकृतिका कामको लागि सम्बन्धित शीर्षकहरुमा विनियोजन गरी खर्च लेख्ने र कोषबाट पनि खर्च भई दोहोरो खर्च हुन सक्ने जोखिम समेतलाई मध्यनजर गरी कोष स्थापना, सञ्चालन र अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

**१६ सम्पत्ति उपयोग र संरक्षण**

१६.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६.२ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि

र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदन म.ले.प. फारम नं.४११ बमोजिम तयार गरेको देखिएन। जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख नगरेकोले जिन्सीको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । तोकिएको फारमको प्रयोग गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पालिकाले खरिद गरेका जिन्सी सामग्रीहरूको पूर्ण रुपमा PAMS मा अभिलेख राखेको देखिएन साथै वडागत रुपमा खरिद भएका जिन्सीहरू समेत वडा कार्यालयमा जिन्सी खाता तयार गरी मेनुयल रूपमा दाखिला गरी प्रविष्टी गरेको पाइयो । अनिवार्य रूपमा PAMS मा जिन्सी दाखिला गरी एकीकृत जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा गाउँपालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औंल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा अस्पतालमा हालसम्म Logisitic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logisitic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

• पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको देखिएन । पालिकाको नाममा रहेका सबै घर जग्गाको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।

• महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागू गरेको र PAMS-V2 मा यस अघी PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रहेका खर्च भएर जाने जिन्सीको मौज्दात मेनुयल रूपमा जिम्मेवारी सार्नु पर्नेमा पालिकाले सो गरेको छैन् । गत वर्षको बाँकी मौज्दात चालु वर्ष जिम्मेवारी सारी सोको प्रमाण पेश गर्नु पर्दछ ।

## १७ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्य गराएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

## १८ खरिद तथा ठेक्का अभिलेख

१८.१ **खरिद कारवाही अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरूमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम अभिलेख तयार गर्नु पर्दछ ।

१८.२ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखबाट कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । कार्यालयले उक्त विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन ।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## १९ कार्यक्रमको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रममा रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित अनुगमन, नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । पालिकाले निम्नानुसार कृषि तथा पशु विकासतर्फ कार्यक्रम बजेट स्वीकृत गरी खर्च गरेकोमा कृषि तथा पशु कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि नबनाएको साथै कार्यक्रमको अनुगमन गरी, अनुदानको सहि सदुपयोग संचालित कार्यक्रमको प्रभावकारिता तथा यसबाट जीवनस्तरमा आएको सुधारको मापन गरी प्रतिवेदन तयार गरिएको देखिएन। कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि तयार गरी सो बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने र संचालित कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| सि.नं. | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | लालिगुराँस गाईपालन कृषक समूह उन्नत जातको गाई खरिद (५० प्रतिशत लागत साझेदारी) | २६५००० |
| २ | मागमा आधारित कृषि कार्यक्रम( ट्रिलर, स्प्रे, तथा विउ विजन र विरुवा खरिद गरी वितरण) | ४१७७३० |
| ३ | एभोकाडो विरुवा खरिद तथा वितरण | २००००० |
| ४ | कपास खेती तथा कपास प्रवर्द्धन कार्यक्रम | ४७९४१५ |
| ५ | महिला लक्षित आयआर्जन कार्यक्रम (बोयर बोका र सुँगुरको पाठा वितरण) | १५०००० |
| ६ | कफी नर्सरी कार्यक्रम | २९९१९० |
| जम्मा | | १८११३३५ |

## २० खर्च वर्गीकरण तथा कर्मचारीलाई सोधभर्ना

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रूपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयको विभिन्न शीर्षकको रकम भुक्तानी गरेको श्रेस्ता नमुना छनौट गरी परीक्षण गर्दा सेवा प्रदायक तथा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरूपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

२१ **दिगो विकास लक्ष्यहरुको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धी विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्तितर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यकालीन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

२२ **आयोजना बैंक**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउँदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्ने व्यवस्था छ । पालिकाले आयोजना बैँक बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२३ **वार्षिक खरिद योजना/गुरूयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.११ करोड १८ लाख ४५ हजार पुँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली बनाएको अवस्थामा उक्त नियमावली कार्यान्वयनमा ल्याएको छैन् । वार्षिक खरिद योजना र गुरूयोजना आर्थिक वर्षको तेस्रो त्रैमासिकमा मात्र तयार गरी कार्यपालिकाबाट २०८०/१०/१४ मा स्वीकृत गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना समयमा नै बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२४ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं सम्भव भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शीर्षकबाट रू.११ करोड १८ लाख ४५ हजार खर्च गरेकोमा रू.३ करोड ४ लाख ७३ हजार अर्थात् २७.२१ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रू.९६ लाख ६ हजार, सोझै रू.१९ लाख २१ हजार, अमानतबाट रू.१ लाख २८ हजार र उपभोक्ता समितिबाट रू.४ करोड ७१ लाख ३३ हजारको खरिद गरेको छ । सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, आर्थिक विवरण बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) तथा सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को बुँदा नं ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिकाभित्र २२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ६ वटाको विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२६ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२७ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२८ **कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२९ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा कार्यालयले राखे गरेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । निर्माण कार्यका योजनागत कन्टिन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकता अनुसार खर्च लेखे व्यवस्था गर्नुपर्दछ ।

३० **पेस्की व्यवस्थापन**

**मोबिलाइजेशन पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेस्की फस्र्यौट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले गत आर्थिक वर्षमा र यस आर्थिक वर्षमा देहायबमोजिमका निर्माण व्यवसायीलाई दिइएको मोबिलाइजेशन पेस्की रू.१,८०,८०,०००।- आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त र नियमानुसार बाँकी पेस्की फस्र्यौट गर्नुपर्दछ ।

| **क्र.सं.** | **पेस्की लिने निर्माण व्यवसायी नाम** | **पेस्कीको विवरण** | **चालु आर्थिक वर्षको** | **गत आर्थिक वर्षको** | **जम्मा बाँकी** |
|---|---|---|---|---|---|
| १ | थेबे निर्माण सेवा | प्रशासकीय भवन निर्माण | ०.०० | ४५८००००.०० | ४५८००००.०० |
| २ | शंकर त्रिशक्ती निर्माण सेवा प्रा.लि. | वडा न. २ र ४ जोड्ने फावाखोला मोटोरेबल पुल निर्माण (DPR समेत) | ०.०० | १००००००.०० | १००००००.०० |
| ३ | श्याम।श्री जय शम्भु।चक्र जे.भी. | काबेलि-पुर्णेडाँडा-पालिका भवनसम्मको सडक कालोपत्रे | ३५००००.०० | ०.०० | ३५००००.०० |
| **जम्मा** | | | **३५००००.००** | **१४५८००००.००** | **१८०८००००.००** |

३१ **राजस्व व्यवस्थापन**

३१.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय -व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.२१ लाख २० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रू.५५ लाख ८१ हजार अर्थात अनुमानको २६३.२६ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य सम्भावित स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउने र राजस्व वृद्धि गर्नु पर्दछ ।

३१.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रूपमा पहिचान भएका राजस्वका सबै श्रोतहरू उचीत तरीकाले सम्बन्धित शीर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रूपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शीर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | ०.०० | ११८२४२.०४ | ०.०० |
| २ | भुमिकर/मालपोत | ५०००००.०० | ५७१६८९.५३ | ११४.३४ |
| ३ | वहाल कर | १५००००.०० | ५०९३८.४० | ३३.९६ |
| ४ | सवारी साधन कर (साना सवारी) | ०.०० | २०००.०० | ०.०० |
| ५ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५००००.०० | ६७२००.०० | १३४.४० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ०.०० | १०००.०० | ०.०० |
| ७ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ५४३७२.०० | ०.०० |
| ८ | अन्य कर | १०००००.०० | २३८९०२.५६ | २३८.९० |
| ९ | न्यायिक दस्तूर | १००००.०० | ०.०० | ०.०० |
| १० | शिक्षा क्षेत्रको आम्दानी | ०.०० | २००.०० | ०.०० |
| ११ | परीक्षा शुल्क | १००००.०० | १७२००.०० | १७२.०० |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | ५००००.०० | ३३०००.०० | ६६.०० |
| १३ | सिफारिश दस्तुर | ४५००००.०० | ४७१९८०.०० | १०४.८८ |
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | ३७५००.०० | ०.०० |
| १५ | नाता प्रमाणित दस्तुर | १०००००.०० | ८६००.०० | ८.६० |
| १६ | अन्य दस्तुर | १०००००.०० | १८०७९०.०० | १८०.७९ |
| १७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २०००००.०० | ३५७६०.०० | १७.८८ |
| १८ | प्रशासनिक दण्ड जरिवाना र जफत | ०.०० | २५२५०.०० | ०.०० |
| १९ | धरौटी सदरस्याहा | ०.०० | ५३१६६.५७ | ०.०० |
| २० | अन्य राजस्व | १०००००.०० | ८४४००.०० | ८४.४० |
| २१ | व्यवसाय कर | ०.०० | २३७१०.०० | ०.०० |
| २२ | बेरूजु | ३०००००.०० | ३५०५२५२.३६ | ११६८.४२ |
| **जम्मा** | | **२१२००००.००** | **५५८११५३.४६** | **२६३.२६** |

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०/८१ मा रू.२१ लाख २० हजार असुली हुने अनुमान गरेकोमा रू.५५ लाख ८१ हजार १५३ असुली गरेको छ जुन असुली अनुमानको २६३.२६ प्रतिशत हो । कतिपय आम्दानी शीर्षकमा असुली शुन्य देखिन्छ भने कतिपय शीर्षकमा अनुमान शुन्य देखिन्छ । आय अनुमानलाई वैज्ञानिक बनाई आन्तरिक आयलाई व्यवस्थित गर्न पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

३१.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०२६४०१९५.६९ | ५५८११५३.४६ | १.८४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३१.४ **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७(१) मा कार्यालयले प्राप्त गरेको राजस्व सोही दिनमा र सोही दिनमा सम्भव नभए सोको भोलिपल्ट दाखिला गर्नु पर्ने उल्लेख छ। वडाबाट संकलित राजस्व लामो समय पछी एकमुष्ठ रुपमा दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउनेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

३१.५ **रसिद नियन्त्रण खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमको नगदी रसिद काटी दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्छ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिदमध्ये गत विगतका बाँकी रसिद, यस वर्ष कति छपाई गरेको रसिद र यो वर्ष वडा कार्यालयहरु, दहत्तर बहत्तरको असुली लगायत गाउँ पालिका कार्यालयले प्रयोग गर्ने गरी वितरण गरेको रसिद बाँकी रसिदको अवस्था खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सवै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन एकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सवै रसिदबाट उठेको रकम दाखिला भएको यकिन गर्नु पर्दछ ।

## ३२ कर असुली

३२.१ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर वापत अनुमान नगरेको र यस आर्थिक वर्षमा रू.२३,७१०.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३२.२ **घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्नेमा सो गरेको देखिएन ।

३२.३ **सामुदायिक वनबाट आय** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

३२.४ **विज्ञापन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र रहेको व्यवसायिक विज्ञापनहरूको करका दर निर्धारण र संकलन पालिकाले गर्ने व्यवस्था भए अनुसार पालिकाले यस आ.व. मा कुनै पनि कर संकलन

गरेको छैन । तसर्थ पालिकाले आर्थिक ऐनमा रहेको विज्ञापनका दर अनुसार पालिका क्षेत्र भित्र रहेको व्यवसायीक विज्ञापनहरूलाई करको दायरा भित्र ल्याई कर असुल गर्नु पर्दछ ।

३२.५ **जडीबुटी, कवाडी, जीवजन्तु तथा निकासी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा पालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुहरूको व्यवसायिक उपयोग गरे वापत पालिकाले जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले सोअनुसार कर असुल गरेको देखिएन ।

## ३३ ई हाजिरी नविकरण शुल्क

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले भौचर नं. ४४६- २०८१।३।२३ बाट देव कम्प्यूटर एण्ड सप्लायर्सलाई विद्युतीय हाजिरी र विदाको प्याकेजको वार्षिक सदस्यता शुल्क रू.१८५४०।५८ भुक्तानी दिएको देखिन्छ । पालिकाले उक्त सप्लायर्ससँग गरेको सम्झौता माग गरेकोमा प्राप्त नभएकोले वार्षिक शुल्क सम्बन्धमा यकिन गर्न सकिएन । लेखापरीक्षण अवधिमा पालिकामा विद्युतीय हाजिरी प्रयोग गरेको देखिँदैन । विद्युतीय हाजिरी खरिद गरी वार्षिक सदस्यता शुल्क समेत भुक्तानी गरिरहेको अवस्थामा विद्युतीय हाजिरी अनिवार्य लागू नगर्दा उक्त खर्चको प्रभावकारिता देखिएन । पालिकामा विद्युतीय हाजिरी अनिवार्य गरी कर्मचारीहरुको हाजिरी, विदा तथा काजको अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

## ३४ अन्य निकायको खर्च

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका संघ/संस्था र कार्यालयहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायका मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका कार्यालय तथा सघंसंस्थाहरुलाई विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौ नं. | कार्यालय/संस्थाको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|
| ४५२-२०८१।३।२४ | थेचम्बु प्रहरी चौकी | विद्युत महशुल भुक्तानी | १५००० |
| | प्रहरी चौकी मेवाखा | विद्युत महशुल भुक्तानी | १५००० |
| १८३-२०८०११।१३ | मेवाखा प्रहरी चौकी | निर्माण कार्य | १९६००० |
| जम्मा | | | २२६००० |

## ३५ रितपूर्वकको कर विजक

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा फोटोकपी बिलका आधारमा भुक्तानी दिएको र लेखापरीक्षणमा समेत त्यसको सक्कल बिल पेश हुन नआएकोले बेरितको बीजकबाट भएको भुक्तानीमा संलग्न फोटोकपी बिलको सक्कल बिल र मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रू.

| गो.भौ.नं.-मिति | बीजक जारी गर्ने निर्माण व्यवसायी/फर्म | प्यान नम्बर | जारी गरेको विजक नं. र मिति | भुक्तानी रकम (भ्याट समेत) | मूल्य अभिवृद्धी कर रकम | बीजकको अवस्था |
|---|---|---|---|---|---|---|
| १८७-२०८१/०३/०४ | दृष्टि ट्रेडर्स | ६१७४४०५४३ | ४०-२०८१-२-८ | ९४६२६२ | १०८८६२ | फोटोकपी बिल |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,८६२ |

३६ **इन्धन खर्चको मापदण्ड**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ७ मा पदाधिकारीको सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोविल कार्यपालिकाबाट उपलब्ध हुने उल्लेख छ । पालिकाले यस वर्ष २२ मोटरसाइकल, १ ब्याक्होलोडर, १ एम्बुलेन्स र १ गाडीको लागि इन्धन कार्यालय प्रयोजन शीर्षकमा रू.१४,८६,१८९।- र इन्धन पदाधिकारी शीर्षकमा रू.१४,२०,५७६।- गरी जम्मा रू.२९,०६,७६५।- खर्च गरेको छ । पालिकाले पदाधिकारी तथा कर्मचारीहरुको इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । इन्धन कार्यालय प्रयोजन र पदाधिकारी शीर्षकमा छुट्टाछुट्टै बजेट विनियोजन गरेतापनी खर्च लेख्दा एकमुष्ठ खर्च लेख्ने गरेको देखिन्छ । जसले गर्दा कर्मचारी र पदाधिकारी इन्धन शीर्षकमा देखिएको शीर्षकगत खर्चले यथार्थ स्थितिको चित्रण गरेको छैन । खर्च लेख्दा जुन शीर्षकको लागि बजेट विनियोजन गरिएको हो सोही कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको देखिँदैन । पदाधिकारी तथा कर्मचारी इन्धनको कोटा निर्धारण र उपयोगको अभिलेख समेत राखी इन्धन खर्च नियन्त्रण गर्नु पर्दछ ।

३७ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राखुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २२ मोटरसाइकल, १ ब्याक्होलोडर, १ एम्बुलेन्स र १ गाडी मर्मत खर्चमा रू.२७,०३,३३२।- खर्च गरेको छ । सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत अभिलेख खाता नराखेकोले सवारी मर्मतको यथार्थता परीक्षण गर्न सकिएन । मर्मत अभिलेख खाता राखी खर्च व्यवस्थित बनाउनु पर्दछ ।

३८ **भ्रमण खर्चतर्फ**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण खर्च नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नुपर्दछ। यस पालिकाले अनुगमन तथा भ्रमणमा रू.२४,९९,७३५।- खर्च लेखेको छ । पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा आशिंक रुपमा भ्रमण अभिलेख खाता प्रयोग गरेको देखिन्छ । गाउँपालिकाका प्रमुखले आफ्नो भ्रमण आदेश स्वयम् स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । प्रमुख प्रशासकीय अधिकृतले समेत आफ्नो भ्रमण आदेश स्वयम् स्वीकृत गर्ने गरेको पाइयो । भ्रमण कागजात परीक्षण गर्दा अधिकांश भ्रमणको उद्देश्य कार्यालयको कामकाज उल्लेख भएको देखिन्छ । कार्यालयलाई पत्र प्राप्त भएको वा कार्यालयको औचित्यपूर्ण काममा भ्रमण खर्च हुनुपर्दछ। पालिकाले भ्रमण खर्च गर्दा उल्लेखित नियम तथा कार्यविधिहरुको पालना गर्दै भ्रमण खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३९ **वितरणमुखी खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि

सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वियन गर्नुपर्नेमा प्रस्तावनाका आधारमा कार्यपालिकाको निर्णयबाट वितरणमुखी योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्‍याउने तथा पालिकाको आर्थिक व्ययभार बढ्न गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन् :

| **भौचर नं** | **भुक्तानी पाउनेको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ९२ | फ्रेन्डस् क्लव थुम्बेदिन | खेलकुद कार्यक्रम सञ्चालन | १५०००० |
| २८७ | पाथीभरा स्पोटिङ क्लब | वडा स्तरीय भलिबल तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि सहयोग | २५००० |
| २९९ | हेनिस्टार सांस्कृतिक युवा क्लब | साउण्ड सिस्टम जेनेरेटर खरिद | ९९३०० |
| ३१० | चाक्सिबोटे खेलकुद विकास समिति | खेलकुद विकास कार्यक्रम | १००००० |
| ३२१ | अनुपमा स्टोर | लिम्बु जातजातिहरुलाई सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न च्याब्रुङ, झ्याम्टा घुङ्रुरा खरिद | २००००० |
| ३५२ | थुम्बेदिन युनाईटेड युवा क्लब | भूमिराज मेलामा भलिबल खेल कार्यक्रम | १५०००० |
| ४३९ | डाँडागाउँ आमा समूह | लमु ल्होसारको अवसरमा नाङ्गोल्याङमा फुटबल खेल कार्यक्रम | १००००० |
| ३५६ | वडा सचिव श्री पवित्रा कुमारी थापा | गरिब घरपरिवारका लागि विजुली बत्ती बाल्न (३८ जनालाई प्रति व्यक्ति रु.८०००।– का दरले वितरण गरेको भरपाई संलग्न) | ३००००० |
| ३७ | न्यू तिमल्सिना जनरल अर्डर सप्लायर्स | वडा नं ४ अन्तर्गतका सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि ट्र्याकसुट खरिद तथा वितरण | ३४२७७४ |
| ३१२ र ३१७ | टेक्स हाउस | सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि पोषाक खरिद तथा वितरण | १२९७८६१ |
| | **जम्मा** | | **२७६४९३५** |

## ४० अनुत्पादक खर्च

पुँजी सृजना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका अनुत्पादक कार्यक्रम सञ्चालन गरेको देखियो । पालिकाको यसवर्ष आन्तरिक आय रू.५५ लाख ८१ हजार रहेकोमा खेलकुद कार्यक्रममा मात्र रू.६४ लाख २२ हजार खर्च गरेको छ, जुन आन्तरिक आयको ११५.०७ प्रतिशत रहेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | मेयरकप भलिबल खेलकुद कार्यक्रम | खेलाडीको खाना, बास, खेलाडी सम्मान | ६९८४९४ |
| २ | मेयरकप भलिवल खेलकुद कार्यक्रम | खेलकुद कार्यक्रम सञ्चालन | ८००००० |
| ३ | पाथीभरा याङवरक व्याडमिन्टन कप कार्यक्रम | खेलकुद कार्यक्रम | १०००००० |
| ४ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम | ५००००० |
| ५ | अन्य खेलकुद कार्यक्रम(भलिबल, फुटबल, ब्याडमिन्टन तथा अन्य खेलकुद साझेदारी) | विभिन्न खेलकुद कार्यक्रम | ३०४८४८१ |
| ६ | खेलकुद कार्यक्रम सञ्चालन | वडा नं १ मा खेलकुद कार्यक्रम सञ्चालन | ३००००० |
| ७ | खेलकुद कार्यक्रम सञ्चालन | वडा नं ३ मा खेलकुद कार्यक्रम | ७५००० |
| **जम्मा** | | | **६४२१९७५** |

४१ **ईन्फ्रारेड चुलो खरिद**

कार्यक्रम तयार गर्दा तथा बजेट खर्च गर्दा त्यसको प्रभावकारिता र भविष्यमा प्राप्त हुने प्रतिफललाई समेत ध्यान दिनु पर्दछ । पालिकालाई नविकरणीय उर्जा अन्तरगत बायोग्यास, ईन्डक्सन कुक शीर्षकमा प्राप्त बजेटबाट पालिकाले बार्ड नं. १, २, ३, ४ ५, र ६ मा वितरण गर्न डाँफे वायो अल्टरनेटिभ ईनर्जी कम्पनीबाट १८२ थान ईन्फ्रारेड चुलो रू.७,९७,१६०।- खरिद गरी खर्च लेखेको छ । पालिकाले नवीकरणीय उर्जा जडान कार्यक्रमबाट ईन्फ्रारेड चुलो खरिद गरी वितरण गरेको छ । वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले चुलोको स्पेशिफिकेसन स्वीकृत नगरेको अवस्था, विद्युत खपतको अवस्था, विजुलीको करेन्ट प्रवाह, चुलोको ग्यारेन्टी , चुलो मर्मत सेवा सुविधा उपलब्धताको सुनिश्चितता जस्ता पक्षको विश्लेषणसमेत नगरी वितरण गरेका कारण उपलब्ध गराएका चुलोको दिगोपना सम्बन्धमा ध्यान दिएको पाईएन । कार्यक्रमको दीगोपना समेतलाई ध्यान दिई उपलब्ध बजेट उपयोग गर्नु पर्दछ ।

४२ **ससर्त रकम फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,८३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१०४,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४७,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाले ६ वडामा कामका लागि पारिश्रमिकमा आधारित ९ योजना सञ्चालन गरेको छ । कामका लागि पारिश्रमिकमा आधारित कार्यविधि, २०७७ अनुसार ७९ जना बेरोजगार व्यक्तिलाई नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्याला रू.५७७ र

स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुनेछ भन्ने व्यवस्था भए बमोजिम यस बर्ष सोही अनुसार श्रमिकको दैनिक ज्याला दरले योजनामा रोजगार संलग्न गराई रू.५२,७७,२००।- श्रमिक ज्याला भुक्तानी गरेको छ। पालिकाले योजना छनौट गर्दा योजना दोहोरो नपर्ने गरी छनौट गर्नुपर्दछ । तर पालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

४४ **स्वास्थ्यतर्फ**

४४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सोझै खरिद पक्रिया अवलम्बन गरी देहायबमोजिम रू.२४,०८,०८९।- औषधी तथा आयुर्वेदिक औषधी खरिद गरेको छ ।

| **भौचर नं र मिति** | **आपूर्तक** | **खरिद विवरण** | **भुक्तानी रकम** | **खरिद विधि** |
|---|---|---|---|---|
| गाउँपालिका चालु | | | | |
| २९२-२०८१।२।११ | प्राकृतिक आयुर्वेदिक औषधालय | आयुर्वेदिक औषधी | ४९९३७ | सोझै |
| संघीय सरकार हस्तान्तरित कार्यक्रम चालु | | | | |
| ६८-२०८१।१।३१ | भिमदेवी मेडिसिन सप्लायर्स प्रा.लि. | औषधी खरिद | १६०५५९० | सोझै खरिद |
| ६८-२०८१।१।३१ | हलेशी मेडिसीन सप्लार्यस | औषधी खरिद | ३०२५६२ | सोझै खरिद |
| | **जम्मा** | | **२४०८०८९** | |

यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:

क) पालिकाले अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ । पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यकता पुष्ट्याई नगरी फरक फरक दरमा खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) खरिद गरेका उक्त औषधीको उत्पादक कम्पनी र जि.एम.पि. सर्टिफिकेट समेत संलग्न नभएकोले आपूर्ति भएका औषधी सर्टिफाइड भए नभएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन । साथै औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश भएको देखिएन ।

ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम आपूर्ति भएका औषधी एवं सर्जिकल सामग्री जिन्सी दाखिला हुनुअघि निरीक्षण गरी स्पेशिफिकेशन अनुसार भए /नभएको नखुलाएकोले औषधीको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।

घ) औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

ङ) औषधीको खर्च घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा बिच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधी प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी

रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च बिच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउनेतर्फ ध्यान दिनुपर्दछ । साथै तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४४.२ **स्वास्थ्य उपकरण खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **२,०७९,४०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **शिक्षातर्फ**

४५.१ **छात्रवृत्ति वितरण -** पालिकाले विभिन्न वडागत तथा नगरस्तरिय कार्यक्रमबाट यस वर्ष विभिन्न छात्रवृत्ति वितरण बापत रु.५,९८,०००।- खर्च गरेको छ । पालिकाले विद्यार्थीहरुको शैक्षिक सुधारको प्रगति तथा मूल्याङ्कन सम्बन्धी कुनै मापदण्ड बनाएको पाइएन । प्रत्येक वर्ष यस प्रकृतिका कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले उक्त खर्चको उपलब्धि तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन । यसरी निकासा दिएको रकमको श्रोतको परीक्षण गर्दा सबै रकम समानिकरण अनुदानबाट खर्च लेखेको पाइयो । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामा समेत वितरणमुखी कार्यक्रममा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो ।

४५.२ **स्थानीय भाषा शिक्षक -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका र नगरपालिकाको काम कर्तव्यको बारेमा उल्लेख गरिएको छ । जस अन्तर्गत आधारभुत र माध्यमिक विद्यालय सञ्चालन व्यवस्थापनको जिम्मेवारी पालिकालाई दिइएको छ । पालिकाले स्थानीय मातृ भाषाको संरक्षण र सम्बर्द्धन गर्नका लागि पालिका अन्तर्गतका १७ सामुदायिक विद्यालयहरुमा लिम्बु (आनिपान) भाषा, १ विद्यालयमा गुरुङ भाषा पढाई गर्न भाषा शिक्षक नियुक्ति गरी समानीकरण अनुदानबाट रू. २०,०७,१८२।- विद्यालयहरुलाई अनुदान भुक्तानी दिएको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक श्रोतलाई मध्यनजर गर्दै स्थानीय मातृ भाषाको पाठ्यक्रम गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वियन गर्नु पर्दछ ।

४५.३ **बैठक खर्च बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५.४ **निजी शिक्षक -** पालिकाले ससर्त अनुदान अन्तर्गत दरबन्दी भित्रका प्राथमिक शिक्षक, निम्न माध्यमिक शिक्षक, माध्यमिक शिक्षक तथा प्रारम्भिक बाल विकास शिक्षकहरुबाट पठन पाठन कार्य सञ्चालन गरी निजहरुको तलब भत्तामा खर्च लेखेको अतिरिक्त शैक्षिक उन्नयन कोष अन्तर्गत ४ विद्यालयहरुमा निजी शिक्षकको तलब भत्ता वापत यस वर्ष रू.१३,०८,२७८।- निकासा दिएको देखियो । दरबन्दी स्वीकृत गरेर मात्र शिक्षक नियुक्त गरी भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

४५.५ **दिवा खाजा बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३६,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२६,७३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२३,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३०,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३५,८०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२७,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५.६ **नर्म्सभन्दा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१४,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५.७ **कर रकम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **परामर्श सेवा**

पालिकाले यस वर्ष सेवा प्रवाहको मापदण्ड तर्जुमाको लागि क्रिएसन मल्टिप्रपोज प्रा.लि.सँग ४५ दिनभित्र कार्यसम्पन्न गर्ने गरी २०८१।१।३० मा रू.४,६३,३००।- र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण योजना तर्जुमाका लागि दिगो विकास तथा शान्ति प्रवर्द्धन केन्द्रसँग २०८१।३।१५ सम्म कार्यसम्पन्न गर्ने गरी २०८१।१।१६ मा रू.४,९७,२००।– को सम्झौता गरी परामर्श सेवा खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२(४) मा परामर्श सेवाको लागत अनुमान अनुसूची -१ क को ढाँचामा तयार गर्नु पर्ने उल्लेख छ । साथै जनशक्तिको पारिश्रमिक, भ्रमण,बसोबास, मालसामान वा उपकरण वास वा लगायतका सोधभर्ना अनुसारको ढाँचामा प्रस्ताव माग गर्नुपर्ने, नियमावलीको व्यवस्था बमोजिम तोकिएको ढाँचामा लागत अनुमान तयार गर्नुपर्नेमा नियमावलीको पूर्ण पालना भएको देखिएन ।

• नियम ७३ मा परामर्शदातालाई निर्देशन प्रदान गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको ढाँचा तथा प्राविधिक र आर्थिक प्रस्ताव तयार गर्ने तरिका उल्लेख गर्नुपर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था बमोजिम पालिकाले परामर्शदातालाई प्राविधिक र आर्थिक प्रस्तावको ढाँचा तथा प्राविधिक र आर्थिक प्रस्ताव तयार गर्ने तरिका उल्लेख गरी निर्देशन प्रदान गरेको देखिएन । परामर्शदाताले जनशक्तिको पारिश्रमिक, सोधभर्ना हुने खर्च, फुटकर खर्च तथा कार्यालय व्यवस्थापन खर्च रकम स्पष्ट खुलाएको देखिएन । जसको कारण मुख्य जनशक्तिको लाग्ने समय, कार्यालय व्यवस्थापन खर्च ४ प्रतिशत भन्दा बढी भए/नभएको यकिन गर्न सकिएन ।

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता र निजको गर्नु पर्ने कामको लागि लाग्ने अनुमानित समय, लगायतका विवरण खुलाई कार्य क्षेत्रगत शर्त तयार गर्नु पर्नेमा सो गरेको पाइएन । अत: कानुनी व्यवस्थाको पूर्ण परिपालना गर्नुपर्दछ ।

४७ **विद्युत महशुल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले यभतलुङ फावामा ग्रामिण विद्युत सहकारी संस्था लि.बाट जारी मासिक विद्युत सेवाको भुक्तानी गर्नुपर्ने रकमको विल संलग्न गरी भौचर नं ४२८ बाट विद्युत महशुल वापत रु.६२,२७९।- खर्च लेखेकोमा सम्बन्धित संस्थाको खातामा सिधै रकम जम्मा नगरी देहायका कर्मचारीलाई भुक्तानी दिएको देखियो । संलग्न बीजकमा ग्राहक नम्बर, बीजक नम्बर तथा विद्युत महसुलको महिना उल्लेख नभएको र रकम हातले लेखेको देखिन्छ भने कर्मचारीहरुले विद्युत महशुल रकम उक्त संस्थालाई भुक्तानी गरेको प्रमाण संलग्न गरेको देखिएन । अतः विद्युत महशुल वापत कर्मचारीलाई भुक्तानी दिएको रकम उक्त संस्थालाई भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| भौचर नं र मिति | भुक्तानी पाउनेको नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ४२८-२०८१।३।२१ | हे.अ. श्री श्रीप्रसाद मण्डल | चाक्सिबोट स्वास्थ्य चौकी | २३१५५ | स्वीकृत क्षमता १६ एम्पिएरमा न्यूनतम मासिक शुल्क रु.८००।- सहित १०३४ युनिटको रु.१६,३००।- र पुरानो बाँकी रू.६,८५५।- |
| | श्री पिपलमान गान्छाकी | ४ नं वडा कार्यालय | ७३६२ | स्वीकृत क्षमता १६ एम्पिएरमा न्यूनतम मासिक शुल्क रु.४००।- सहित १३५ युनिटको रु.१,७३०।- र पुरानो बाँकी रू.५,१२०।- र जरिवाना रू.५१२।- गरी जम्मा रू.७,३६२।- |
| | हे.अ. श्री अमृता कुमारी यादव | डुम्रिसे स्वास्थ्य चौकी | ३१७६२ | स्वीकृत क्षमता १६ एम्पिएरमा न्यूनतम मासिक शुल्क रु.४००।- सहित ५०० युनिटको रु.६,२२०।- र पुरानो बाँकी रू.२३,२२०।– र जरिवाना रू.२,३२२।- गरी जम्मा रू.३१,७६२।- |
| | जम्मा | | ६२२७९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,२७९ |

४८ **आवधिक योजना निर्माण**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **२३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४९ **अनुगमन भत्ता**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **६७२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **सम्झौता अनुसार श्रमदान कट्टी नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले सालडाँडा मोटरबाटो निर्माण वापत सालडाँडा मोटरबाटो निर्माण उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा उपभोक्ता समितिबाट पेश भएको विल भरपाई रू.१३,६६,२६१।९२ मा उपभोक्ता समितिको श्रमदानको अंश कट्टा गरी भुक्तानी दिनु पर्नेमा गाउँपालिका पुँजीगतको गोश्वारा भौचर नं.२०३-२०८१/०३/१६ बाट रू.१३,६६,२६१।- भुक्तानी दिएको छ । पालिका र उपभोक्ता समितिसँग भएको सम्झौतामा उपभोक्ता समितिले २०.९० प्रतिशत जनश्रमदान गर्नु पर्ने उल्लेख भएकोमा उपभोक्ता समितिले पेश गरेको विल भरपाईबाट २०.९० प्रतिशतले हुन आउने रकम रू.२,८५,२४९।- कट्टी गरी बाँकी रकम भुक्तानी गर्नु पर्नेमा सो नगरी बिल बराबरको रकम भुक्तानी दिएकोले उपभोक्ता समितिको श्रमदान देखिएको छैन् । उक्त योजनामा उपभोक्ता समितिले श्रमदानको अंश समावेश हुने गरी कार्य गरेको बिल, भरपाई तथा प्रमाण कागजात पेश हुनु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितिबाट सो रकम असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८५,२४९ |

५१ **मसलन्द तथा कार्यालय सामग्री खरिद**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ को मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ ।

पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री शीषर्कबाट सोझै खरिद गरी रू.३४,५१,३१४।- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण सुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद गर्नु पर्दछ ।

५२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी रू.१० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष नियमावलीले तोकेको सीमाभन्दा बढीको खरिद कार्य एउटै आपूर्तिकर्ताबाट गरेको नियमसम्मत नभएको रू.

| **गो भौ नं** | **बजेट उपशीर्षक** | **भुक्तानी पाउनेको नाम** | **प्रयोजन** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| २२०-२०८१।३।२४ | गा.पा. पुँजीगत | सनराइज पब्लिकेशन एण्ड स्टेशनरी | फर्निसिङ सामग्री खरिद | ९९८३५ |
| ४१७-२०८१।३।१९ | गा.पा.चालु | सनराइज पब्लिकेशन एण्ड स्टेशनरी | मसलन्द सामग्री खरिद | ९९८९७६ |
| | जम्मा | | | १०९८८११ |
| २३-२०८०।६।१४ | गा.पा. चालु | आर्जन पुस्तक पसल एण्ड स्टेशनरी सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | १०६६४३७ |
| ४१४-२०८१।३।१८ | गा.पा. चालु | आर्जन पुस्तक पसल एण्ड स्टेशनरी सप्लायर्स | खेलकुद सामग्री | १४३३९७ |
| ४३९-२०८१।३।२३ | गा.पा. चालु | आर्जन पुस्तक पसल एण्ड स्टेशनरी सप्लायर्स | | २६५०९७ |
| | | जम्मा | | १४७४९३१ |
| | **कुल जम्मा** | | | **२५७३७४२** |

| अनियमित भएको | २५,७३,७४२ |
|---|---|

५३ **ट्र्याकसुट खरिद**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र रू.२० लाख सम्मको मालसामान सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि पोषाक खरिदको लागि सुरू बजेट रू.८ लाख विनियोजन गरेकोमा मिति २०८०।१०।५ को कार्यपालिकाको निर्णयबाट रू.५ लाख थप गरी रू.१३ लाख बजेट विनियोजन गरेको देखिन्छ । भौचर नं ३१२-२०८१।२।१४ बाट मिति २०८०।११।२५ मा ५९८ थान ट्र्याकसुट खरिदको रू.६,३९,०१५।- र भौचर नं ३१७-२०८१।२।२७ बाट मिति २०८१।२।६ मा ५८० थान ट्र्याकसुटको रू.६,५८,८४६।– गरी जम्मा रू.१२,९७,८६१।- टेक्स हाउसलाई भुक्तानी दिएको देखिन्छ । साथै पालिकाले भौचर नं ३७-२०८०।०७।२१ मा वडा नं ४ स्थित १ मा.वि. र २ प्रा.वि.मा अध्ययनरत विद्यार्थीहरुको लागि २२० थान ट्र्याकसुट खरिद गरी वितरण गरेको भरपाई संलग्न राखी रू.३,४२,७७४।-भुक्तानी दिएको देखिन्छ । एउटै कार्यक्रमको लागि पालिका र वडामा छुट्टाछुट्टै बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरेकोले दोहोरो खर्च नभएको सम्बन्धमा विश्वस्त हुन सकिएन । पालिकाले उक्त खर्च सम्बन्धमा छानविन गरी दोहोरो नभएको सम्बन्धमा यकिन गरी प्रमाण पेश गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | ३,४२,७७४ |
|---|---|

५४ **ननफाइलर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३४६,६९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५५ **खरिदमा प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न मर्मत तथा निर्माण कार्यका लागि कोटेशन माग गरी खरिद गरेको देखियो । स्वीकृत लागत अनुमानको तुलनामा न्यून(घटी) दर पेश भई सोही अनुसार स्वीकृती र सम्झौता भएको देखियो । प्रतिस्पर्धा सीमित नहुने तथा मितव्ययी र गुणस्तरीय समेत हुने गरी योजनाहरूको प्याकेजिङ गर्ने, सूचना प्रकाशनको लागि उपयुक्त माध्यम छनोट गर्ने तथा अधिक प्रतिस्पर्धा हुने प्रकृतिका खरिद विधि छनौट गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

| **निर्माण व्यवसायी** | **योजनाको नाम** | **बजेट** | **लागत अनुमान(कन्टिन्जेन्सी बाहेक)** | **सम्झौता रकम** | **भुक्तानी/ कार्यसम्पन्न रकम** | **घटी प्रतिशत** |
|---|---|---|---|---|---|---|
| इम्पेरियल ए.आर.एम कन्स्ट्रक्सन प्रा.लि. | २ र ५ जोड्ने फावाखोला पक्की पुलस्थित सडक निर्माण, थेचम्बु | १०००००० | ९४९५६४ | ९४६१२९ | ९३९०८१ | -०.३६ |
| पुजा एण्ड आर डी कन्स्ट्रक्सन | २ र ५ जोड्ने फावाखोला पक्की पुलस्थित सडक निर्माण, चाक्सिवोटे | १०००००० | ९४९९२२ | ९४११९३ | ९३६९४३ | -०.९२ |
| ताप्लेजुङ कन्स्ट्रक्सन प्रा.लि. | ओदिह्ले मोटरबाटो निर्माण, तिरिङ्गे | १०००००० | ९३९३४८ | ९०९९५८ | ९०७८५२ | -३.१३ |
| नेशनल निर्माण सेवा | सिद्धकुमारी मोटर बाटो तथा खेलमैदान निर्माण , तिरिङ्गे र नगरपालिका जोड्ने मोटरबाटो स्तरोन्नती | ९००००० | ८८३३७७ | ८७६१८२ | ८७५२५७ | -०.८१ |
| बुढासुब्बा निर्माण सेवा | नुम्लुक मोटरबाटो निर्माण , तिरिङ्गे र खानी बालविकास खेल मैदान निर्माण | ८५०००० | ८५००११ | ८४३२२४ | ८४१८०६ | -०.८ |
| याङ्गतारू निर्माण सेवा प्रा.लि. | निलकण्ठ महादेव मन्दिरदेखि सरदा मा.वि. सडक निर्माण | ६००००० | ५६९६५० | ५५९८९२ | ५५७४९२ | -१.७१ |
| भगवत गिता कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | एकुवे देखि सिद्देश्वरी मा वि खेलमैदान सम्म मोटरबाटो निर्माण | ५००००० | ४७४९९२ | ४६२१८५ | ४६१६०३ | -२.७ |
| डेविट खिम्दिङ निर्माण सेवा | याङलापु देखि जातेडाँडा जाने बाटो निर्माण, नाङखोल्याङ | ३००००० | २८५०२४ | २७८४२५ | २७८२२३ | -२.३२ |

५६ **कोटेशनबाट निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) बमोजिम सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै प्रकृतिका खरिद र एकै व्यवसायीबाट तोकिएको सीमाभन्दा बढीको खरिद गर्न नहुने व्यवस्थाको पालना गर्नु पर्नेमा सो नगरी पालिकाले निम्नानुसार एकै प्रकृतिका खरिद गरेको देखिएको छ । पालिकाले एकै प्रकृतिको खरिदमा सार्वजनिक खरिद कानुनको पालना गरी बजेट विनियोजन गर्ने र प्रतिस्पर्धालाई सिमित नहुने गरी खरिद गर्नु पर्ने देखिन्छ ।

| गो.भौ.नं.-मिति | निर्माण व्यवसायी | योजनाको नाम | सम्झौता रकम | भुक्तानी/ कार्यसम्पन्न रकम |
|---|---|---|---|---|
| १०-२०८०/०६/१० | ताप्लेजुङ कन्स्ट्रक्सन प्रा.लि. | ओदिल्ले मोटरबाटो निर्माण, तिरिङ्गे | ९०९९५८ | ९०७८५२ |
| १०९-२०८०/११/२१ | याङ्गतारू निर्माण सेवा प्रा.लि. | निलकण्ठ महादेव मन्दिरदेखि सरदा मा.वि. सडक निर्माण | ५५९८९२ | ५५७४९२ |
| १४६-२०८१/०१/१७ | भगवत गिता कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | एकुवे देखि सिद्वेश्वरी मा वि खेलमैदान सम्म मोटरबाटो निर्माण | ४६२१८५ | ४६१६०३ |
| १८०-२०८१/०२/३० | डेविट खिम्दिङ निर्माण सेवा | याङलापु देखि जातेडाँडा जाने बाटो निर्माण, नाङखोल्याङ | २७८४२५ | २७८२२३ |
| **जम्मा** | | | **२२१०४६०** | **२२०५१७०** |

## ५७ योजना टुक्रा पारी खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । पालिकाले कोटेशनमार्फत खरिद गरेको नमूना परीक्षण गर्दा निम्नानुसारको एकै योजनालाई टुक्रा टुक्रा पारी खरिद गरेको देखियो । यसरी खरिद कानुनले गरेको व्यवस्थालाई छल्ने गरी एउटै कार्यको योजनालाई टुक्रा पारी बजेट विनियोजन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । खरिद प्रतिस्पर्धामा सिमित हुने गरी टुक्रा टुक्रा पारी लागत अनुमानको हाराहारीमा कोटेशनमार्फत खरिद गरेको नियमसम्मत नदेखिएको रू.

| गो.भौ.नं.-मिति | निर्माण व्यवसायी | योजनाको नाम | बजेट | लागत अनुमान | सम्झौता रकम | भुक्तानी/ कार्यसम्पन्न रकम |
|---|---|---|---|---|---|---|
| ६-२०८०/०५/०६ | इम्पेरियल ए.आर.एम कन्स्ट्रक्सन प्रा.लि. | २ र ५ जोड्ने फावाखोला पक्की पुलस्थित सडक निर्माण , थेचम्बु | १०००००० | ९४९५६४ | ९४६१२९ | ९३९०८१ |
| ७-२०८०/०६/०७ | पुजा एण्ड आर डी कन्स्ट्रक्सन | २ र ५ जोड्ने फावाखोला पक्की पुलस्थित सडक निर्माण, चाक्सिवोटे | १०००००० | ९४९९२२ | ९४११९३ | ९३६९४३ |
| **जम्मा** | | | **२००००००** | **१८९९४८६** | **१८८७३२२** | **१८७६०२४** |

| | |
|---|---|
| अनियमित भएको | १८,७६,०२४ |

## ५८ फर्निचर खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रू.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) बमोजिम सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै प्रकृतिका खरिद सम्बन्धि व्यवस्थाको पालना गर्नु पर्नेमा सो नगरी पालिकाले निम्नानुसार फर्निचर खरिद गरेको देखिएको छ । आगामी दिनमा खरिद ऐन, नियमले गरेको व्यवस्थाको पालना गरेर मात्र खरिद गर्नु पर्दछ ।

| गो.भौ.नं.-मिति | आपूर्तीकर्ता | खरिद | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २०१-२०८१/०३/१५ | खगेन्द्र काष्ठ फर्निचर उद्योग | वाल दराज, रिभल्वभिङ चेयर ५ वटा र अफिस टेबल ५ वटा | ९९९९५३ | |
| १८७-२०८१/०३/०४ | दृष्टि ट्रेडर्स | सोफा सेट ५० पिस, अफिस दराज ५ थान लगायतका विभिन्न फर्निचर | ९४६२६२ | |
| २१७-२०८१/०३/२३ | के.के. मेट्रो ईन्टरनेशनल प्रा.लि. | रिभल्वभिङ चेयर ७ थान समेतका विभिन्न फर्निचर | ९५९८२२ | ३ नं. वडा कार्यालयको लागि |
| **जम्मा** | | | **२९०६०३७** | |

५९ **क्रस सेक्सन**

पालिकाले निर्माण गरेका सडकहरुको कटिङको क्रस सेक्सन ड्रईङ स्रेस्तासाथ नराखेकोले खनेको माटोको परिमाण यकिन गर्न सक्ने अवस्था छैन । खन्दा निस्केको माटो वर्गिकरणको आधार तथा माटो परीक्षण प्रतिवेदन नरहेको, नापी कितावमा एकै चेनेजमा कडा चट्टान, समान्य खालको चट्टान र साधारण माटोको परिमाण चढाएकोले भुक्तानी दिएको चट्टानको परिमाणसमेत विस्वसनीय देखिदैन । निर्माणकार्यको परिमाण खुल्ने गरी क्रस सेक्सन नक्सा समेत तयार गर्नु पर्दछ ।

६० **गाउँपालिका प्रशासकीय भवन निर्माण (दोस्रो र तेस्रो तला)**

**ठेक्का नं. २०७९।०८०-०९**

पालिकाले गाउँपालिका प्रशासकीय भवन निर्माण गर्न रू.२,९९,६६,४९१।८४(मू.अ.कर समेत) को लागत अनुमान तयार गरी न्यून कबोल गर्ने निर्माण व्यवसायी थेवे निर्माण सेवासँग २०८०।०३।०८ मा १८ महिनाभित्र अर्थात २०८१।०९।०८ सम्ममा सम्पन्न गर्ने गरी रू.२,२९,८८,५६४।४० (मू.अ.कर र पि.एस. समेत) को सम्झौता गरेको छ । यो वर्ष गाउँपालिका पुँजीगतबाट गोश्वारा भौचर नं. १३३-२०८०/१२/२० बाट रू.३१,९९,१२३।- र गोश्वारा भौचर नं. १७२-२०८१/०२/२३ बाट रू.२५,७७,०२९।- समेत रू. ५७,७६,१५२।- भुक्तानी दिएको देखियो । लेखापरीक्षणको क्रममा स्रेस्ता परीक्षण गर्दा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्:

६०.१ **बढी पेस्की भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५१ क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तीकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेस्की दिन सक्ने व्यवस्था छ । साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ बमोजिम वस्तु वा सेवाको आपूर्ति हुँदाका बखत सोको मूल्यमा १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था रहेको छ । ठेक्कामा मूल्य अभिवृद्धि कर रकम समावेश हुने भए तापनि ठेक्का कार्यको मोबिलाइजेशनका लागि दिइने पेस्की रकम भुक्तानीका बखत वस्तु वा सेवाको आपूर्ति नगरिने र सो पेस्की रकम प्राप्ती गर्न निर्माण व्यवसायीले कर विजक जारी नगर्ने हुँदा मोबिलाईजेशन पेस्कीको रकम निकासा दिँदा मूल्य अभिवृद्धि कर रकम समावेश नगरी निर्माण व्यवसायीले कबोल गरेको रकममा तोकिएको दरले मोबिलाइजेसन पेस्की निकासा गर्नुपर्दछ । पालिका र निर्माण व्यवसायीबीच भएको खरिद सम्झौताको एस.सी.सी. अन्तरगत जी.सी.सी. ५७.१ मा खरिद सम्झौताको बीस प्रतिशतसम्म पेस्की उपलब्ध गराउने व्यवस्था रहेकोमा पालिकाले सम्झौता रकम रू.१,९४,३६,७८२।६६(मू.अ.कर र पि.एस. बाहेक) को बीस प्रतिशतले हुने रकम रू.३८,८७,३५७।- सम्म निर्माण व्यवसायीलाई उपलब्ध गराउनु पर्नेमा रू.४५,८०,०००।- उपलब्ध गराएको देखियो । यसरी खरिद कानुन, मूल्य अभिवृद्धि र खरिद सम्झौताभन्दा फरक गरी निर्माण व्यवसायीलाई रू.६,९२,६४३।- बढी पेस्की उपलब्ध गराएको निर्माण व्यवसायीबाट असुल फस्योंट गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९२,६४३ |

६०.२ **पेस्की जोखिममा**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,८८७,३५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६०.३ **पेस्की खाता** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेस्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खातामार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेस्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले बाँकी पेस्की रू.४५,८०,०००।- को हकमा सो व्यवस्थाको पालना स्थितिको अनुगमन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार पेस्की फर्स्यौट गर्नुपर्दछ ।

६०.४ **बिमा नगराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी बिमा गराउनु पर्ने तथा बिमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले गाउँपालिका प्रशासकीय भवन निर्माण गर्ने कार्यको बिमा नै नगराई निर्माण कार्य गराएको तथा पेस्की रकम उपलब्ध गराएको कारण उक्त कार्य जोखिममा परेको देखिन्छ । बिमा गर्ने प्रयोजनको लागी सम्झौताको वि.ओ.क्यू.मा रू.५,००,०००।- विनियोजन गरेकोमा समेत बिमा गरेको पाईएन । नियमावलीको व्यवस्था अनुसार निर्माण कार्यको बिमा गराई कार्य गराउनु पर्दछ ।

६०.५ **न्यून प्रगति** - पालिकाले निर्माण गराईरहेको गाउँपालिका प्रशासकीय भवन निर्माण गर्न निर्माण व्यवसायी थेवे निर्माण सेवासँग २०८१ पौष ८ सम्म सम्पन्न गर्ने गरी २०८० असार ८ मा सम्झौता भएकोमा यस आर्थिक वर्षसम्म करिव १३ महिना व्यतित हुँदासम्म रू.५७,७६,१५२।९६ अर्थात सम्झौता रकम रू.२,२९,८८,५६४।४० को २५.१३ प्रतिशत मात्र भुक्तानी भएको छ । निर्माण कार्यको अवधी १८ महिना रहेकोमा करिब १३ महिना व्यतित हुँदा सम्म २५.१३ प्रतिशत मात्र प्रगति देखिएकोले तोकिएको अवधी निर्माण कार्यसम्पन्न हुने देखिँदैन । सम्झौता अनुसार समयमा निर्माण कार्य सम्पन्न गराउनेतर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

६१ **येमासेन - तारेभिर - केराबारी - सुनुवारगोलाइ - सिम्बेवा- थुम्मे - तिरिङ्गे सडकखण्डको स्तरोन्नती**
**ठेक्का नं.२०७९/८०-०१**

पालिकाले येमासेन - तारेभिर - केराबारी - सुनुवारगोलाइ - सिम्बेवा- थुम्मे - तिरिङ्गे सडकखण्डको स्तरोन्नती कार्य गर्न रू.१,२७,३९,४६७।२७(मू.अ.कर र पिएस समेत) को लागत अनुमान तयार गरी न्यून कबोल गर्ने निर्माण व्यवसायी ममता निर्माण सेवासँग मिति २०७९/०९/११ मा मिति २०८०/०२/१५ सम्म कार्य सम्पन्न गर्ने गरी रू.७३,४०,१८४।२३ (मू.अ.कर र पि.एस. समेत) को सम्झौता गरेको छ । सम्झौतामा तोकिएको अवधीमा निर्माण कार्यसम्पन्न नभएको कारण पहिलो पटक मिति २०८०/०६/३० सम्म म्याद थप भई मिति २०८०/०८/२८ मा निर्माण कार्य सम्पन्न भएको छ । निर्माण कार्यको भुक्तानी गत वर्ष पहिलो र दोस्रो रनिङ्ग विलको रू.४३,००,४२५।७२ र यो वर्ष गाउँपालिका पुँजीगतबाट तेस्रो र चौथो क्रमश: गोश्वारा भौचर नं. ३३-२०८०/०७/२२ बाट रू.९,६३,९६८।- र गोश्वारा भौचर नं. ८२-२०८०/१०/१९ बाट रू.१९,७४,८३८।- समेत कूल जम्मा रू.७२,३९,३२१।७२ (मू.अ.कर र पि.एस. समेत) भुक्तानी दिएको देखियो । लेखापरीक्षणको क्रममा स्रेस्ता परीक्षण गर्दा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन:

६१.१ **पूर्वनिर्धारित क्षतिपूर्ती** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायी ममता निर्माण सेवाले म्याद थप भएको अवधीभित्र निर्माण सम्पन्न गरेको नदेखिएको तथा म्याद समाप्त पश्चात सार्वजनिक

खरिद नियमावलीमै व्यवस्था गरी म्याद थपको मौका दिएको भए पनि सो अनुसार म्याद थपको लागि निवेदन दिएको देखिएन । निर्माण व्यवसायीले थप भएको अवधीभन्दा ५८ दिन ढिला गरी २०८०/०८/२८ मा निर्माण कार्य सम्पन्न गरेकोमा मिति २०८० साल माघ १४ गते बसेको गाउँ कार्यपालिकाको दशौँ बैठकको निर्णय नं.८ बाट निजको काबु बाहिरको परिस्थिति परी वा कुनै गल्ति वा हेलचेक्राई नभई कार्य सम्पादन गर्न ढिला भएमा त्यस्तो क्षतिपूर्ति तिर्नु नपर्ने कानुनी व्यवस्था भएकोले सम्झौता अनुसार २०८०/०६/३० गते सम्म उक्त कार्य सम्पन्न गर्नु पर्नेमा सो सडक स्तरोन्नती गर्दा ठेक्का बमोजिम आवश्यक परिमाण नपुगको तथा सिम्बेवा क्षेत्रमा पहिरो गई थप ग्याविन जाली नलगाए सडक बन्द हुने सम्भावना रहेकोले निज ठेकदारलाई नै उक्त कार्य गर्न जिम्मा दिएकाले निजले २०८०/०८/२८ गते कार्यसम्पन्न गरेको हुँदा निजले सम्झौता गर्दा कबोल गरेको म्यादभन्दा ५८ दिनपछि कार्यसम्पादन गरेको भएतापनि निजले हेलचेक्राई गरी कार्य सम्पादन गर्न ढिला नभएको तथा परिस्थितिजन्य समस्याले गर्दा कार्यसम्पादनमा ढिलाई भएकोले निजको सम्झौता रकममा शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति कट्टा नगरी भुक्तानी गर्ने निर्णय गरेकोले भुक्तानीमा सो रकम कट्टा गरेको छैन् । यसरी कार्यपालिकाले निर्णय गरी क्षतिपूर्तिमा छुट दिएका कारण सम्झौता रकम रू.६४,२५,८२६।७५ (मूल्य अभिबृद्धि कर बाहेक) को प्रति दिन रू.३,२१२।९१ का दरले ५८ दिनको जम्मा रू.१,८६,३४८।९८ पालिकालाई नोक्सानी भएको छ । यसरी उचित र पर्याप्त कारण हुँदा सम्झौताको शर्त अनुसार ठेक्काको म्याद थप गर्नु पर्नेमा सो नगरी ढिला अवधीको पूर्वनिर्धारित क्षतिपूर्ति छुट दिने गरी निर्णय गर्नु उचित देखिदैन ।

६१.२ **बिमा नगराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी बिमा गराउनु पर्ने तथा बिमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले येमासेन - तारेभिर - केराबारी - सुनुवारगोलाइ - सिम्बेवा- थुम्मे - तिरिङ्गे सडकखण्डको स्तरोन्नती गर्ने कार्यको बिमा नै नगराइ निर्माण कार्य गराई २०८०/०८/२८ मा सम्पन्न गराएतापनि निर्माण कार्यको त्रुटी सच्याउने अवधीसम्म जोखिममा परेको देखिन्छ । बिमा गर्ने प्रयोजनको लागी सम्झौताको वि.ओ.क्यू.मा रू.७५,०००।- विनियोजन गरेकोमा समेत बिमा गरेको पाईएन । नियमावलीको व्यवस्था अनुसार निर्माण कार्यको बिमा गराई कार्य गराउनु पर्दछ ।

६१.३ **बि.ओ.क्यू. भन्दा फरक परिमाणको कार्य** - निर्माण कार्यको लागी खरिद सम्झौता गर्दा सम्झौताको वि.ओ.क्यू. मा व्यवस्था गरिए अनुसार निर्माण गर्नु पर्दछ र सो परिमाणमा तोकिएको भन्दा थप परिमाण गर्नु परेमा वा घटाउनु पर्ने भएमा प्राविधिक पुस्ट्याईका आधारमा घटाएको कामले सो निर्माण कार्यको कार्य सम्पादनमा कुनै असर नहुने व्यहोरा पुष्टी गरेर अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र तोकिएको परिमाणमा थपघट गर्नु पर्दछ । पालिकाले निर्माण कार्यको सम्झौतामा तोकिएको परिमाणभन्दा घटी र बढी हुने गरी नापि गरेको र सो अनुसार नै भुक्तानी दिएको छ । यसरी परिमाण थप गर्दा प्राविधिक पुस्ट्याई हुने गरी गर्नु पर्नेमा सो पुस्ट्याई समेत गरेको देखिएन । पालिकाले देहाय अनुसार सुरू सम्झौतामा राखिएका परिमाण भन्दा फरक हुने गरी निर्माण कार्य गरेको पाईयो । देहाय अनुसार गरिएको निर्माण कार्यको प्राविधिक पुष्ट्याई पेश गरी वि.ओ.क्यू. भन्दा बढी हुने गरी गरिएको भुक्तानी नियमित हुनु पर्ने रू.

| आईटम नं | कामको विवरण | बि. ओ. क्यू. परिमाण | भुक्तानी भएको परिमाण | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| BOQ भन्दा घटीको निर्माण कार्य | | | | | | |
| १ | Earthwork Excavation in Cutting all types of soil | ३७६९. | २३७४.१ | १३९४.९ | १५० | २०९२३५ |
| ३ | Drilling work on Hard rock | २०. | ० | २०. | ६०० | १२००० |
| ६ | Stone Soiling in Foundation | ४१९.८९ | ३४३.५९ | ७६.३ | २२०० | १६७८६० |
| ७ | Gabion work 2*1*1 | २८८. | १६१. | १२७. | ३३५० | ४२५४५० |
| ७ | Gabion work 2*1*1 Assembling | २८८. | १६१. | १२७. | ५० | ६३५० |
| ७ | Gabion work 1.5*1*1 | २६४. | १७३. | ९१. | २६५० | २४११५० |
| ७ | Gabion work 1.5*1*1 Assembling | २६४. | १७३. | ९१. | ५० | ४५५० |
| ८ | Filling of Gabion Boxes | ११०४. | १०३७.५ | ६६.५ | ५७५ | ३८२३८ |
| ९ | 200 mm HDPE pipe | २६१.०३ | १०४.४१ | १५६.६२ | २०० | ३१३२४ |
| ११ | PCC 1:3:6 | २७.४६ | १२.९९ | १४.४७ | ५५०० | ७९५८५ |
| १४ | reinforcemnet | ४१४.३८ | ० | ४१४.३८ | २०० | ८२८७६ |
| जम्मा | | | | | | १२९८६१८ |
| मूल्य अभिबृद्धि कर | | | | | | १६८८२० |
| कुल जम्मा | | | | | | १४६७४३८ |
| BOQ भन्दा बढीको निर्माण कार्य | | | | | | |
| २ | Earthwork Excavation in Cutting ordinary rock | ७०२०.७५ | ८७०४.११ | १६८३.३६ | २०५ | ३४५०८९ |
| ४ | Earthwork in excevation in soft clay & soil mixed | ४२.६५ | ५७.७५ | १५.१ | १०० | १५१० |
| ५ | Earthwork in excevation in hard clay & soil mixed | १३५.८ | १४९.०४ | १३.२४ | १५० | १९८६ |
| ७ | Gabion work 3*1*1 | ४४. | १५२. | १०८. | ४९०० | ५२९२०० |
| ७ | Gabion work 3*1*1 Assembling | ४४. | १५२. | १०८. | ५० | ५४०० |
| १० | PCC 1:2:4 | २.४ | ५.२४ | २.८४ | १२००० | ३४०८० |
| १२ | Stone masonary wall in 1:6 | ९७.३७ | १६१.२३ | ६३.८६ | ५५०० | ३५१२३० |
| १३ | Formworks | १७.२ | २९.३ | १२.१ | २०० | २४२० |
| **जम्मा** | | | | | | **१२७०९१५** |
| **मूल्य अभिबृद्धि कर** | | | | | | **१६५२१९** |
| **कुल जम्मा** | | | | | | **१४३६१३४** |

| | |
|---|---|
| अनियमित भएको | १४,३६,१३४ |

६२ **केरावारी डाँडा गाउँ पूर्ने डाँडा खानेपानी निर्माण**

पालिकाले रू.१,३९,४३,३१८।३० लागत अनुमान रहेको केरावारी डाँडा गाउँ पूर्ने डाँडा खानेपानी योजनाको निर्माण कार्य २०८१।२।३० सम्म सम्पन्न गर्ने गरी २०८०/१२/०८ मा ताप्लेजुङ कन्सट्रक्सन सेवासँग रू. ८६,५८,४०९।२७ को सम्झौता गरेको थियो । यो वर्ष पालिकाले गोश्वारा भौचर नं.१७।२०८१।३।२० बाट निर्माण व्यवसायीलाई प्रथम रनिङ बिल रू.५०,६७,८२९।- भुक्तानी दिएको छ । सो खरिद सम्झौता सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

६२.१ **ठेक्काको पूर्व तयारी** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ । पालिकाले लागत अनुमान रू.१,३९,४३,३१८।३७ रहेको केरावारी डाँडा गाउँ पुर्ने डाँडा खानेपानी योजनाको कार्य गर्न रू.८६,५८,४०९।२७ को खरिद सम्झौता गरी रू.५०,६७,८२९।- भुक्तानी समेत दिएको छ । खानेपानीको मुहानमा विवाद भएको कारण हेडवर्क्स निर्माण कार्यको प्रगति हुन नसकेको छलफलको क्रममा जानकारी गराएको छ । पालिकाले खरिद सम्झौताको म्याद २०८१ मार्ग मसान्तसम्म थप गरेको छ । निर्माणस्थलको व्यवस्था नभई ठेक्का व्यवस्थापन गरेको कारण निर्माण कार्य हुन नसकी सेवा प्रवाहमा असर परेको अवस्था छ । पालिकाले आवश्यक समन्वय गरी निर्माण कार्य सम्पन्न गराउन ध्यान दिनु पर्दछ ।

६२.२ **दोहोरो आईटम** - पालिकाले योजनाको लागत अनुमान तयार गर्दा दर विश्लेषणमा नर्म्स अनुसार आवश्यक कार्यमा ३ प्रतिशत टुल्स तथा प्लान्टको लागि थप गरेको छ । खानेपानी योजनाको निर्माण कार्यको लागि तयार गरेको बिल अफ क्वान्टिटीमा रू.८२,७२९।८५ मूल्यका २२ आईटमको टुल्स खरिद गर्ने कार्य समावेश गरेकोमा निर्माण व्यवसायीले रु.६०,६९६।- मूल्य प्रस्ताव गरेको छ । दोहोरो हुने गरी बिल अफ क्वान्टिटीमा समावेश भएको रकम कट्टा गरी भुक्तानी दिनु पर्दछ ।

६२.३ **प्रोग्राम अपडेट** - कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. ३४.१ मा ठेक्का स्वीकृत भएको मितिले १५ दिन भित्र निर्माण कार्य तालिका स्वीकृतिको लागि पेश गर्नु पर्ने, ३४.३ मा प्रत्येक ३० दिनभित्र कार्यक्रम कार्यान्वियन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत सम्झौतामा उल्लेख भए अनुसार रू. ५०००० रोक्का राखिने उल्लेख छ । सो बमोजिम निर्माण व्यवसायीले २०८१ असार मसान्त सम्म ३ पटक अद्यावधिक कार्य तालिका पेश गर्नु पर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले अद्यावधिक आयोजना कार्यान्वियन तालिका पेश गरेको देखिएन । सम्झौता अनुसार निर्माण व्यवसायीलाई प्रोग्राम अपडेट पेश रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

६३ **ठेक्का नं. ३-२०८०।८१**

गाउँपालिकाले कावेली पुर्ने डाँडा पालिका भवन खण्डको चेनेज ०+००० देखि २+००० सम्म २ किलोमिटर कालोपत्रे सडक निर्माण गर्न रू ६,१०,९५,८८०।२३ लागत अनुमान गरी प्रतिस्पर्धाबाट न्यून कबोल गर्ने निर्माण व्यवसायी श्याम श्री - जय शम्भु - चक्र जे भी को बोलपत्र सारभूत प्रभावग्राही ठहर गरी रु.४,५०,५८,६९८।१६ (मू.अ.कर समेत) मा सम्झौता भएको मितिले १ वर्ष (२०८२।२।२१) सम्म सम्पन्न गर्ने गरी २०८१।२।२२ मा सम्झौता गरेको छ। यो वर्ष गोश्वारा भौचर नं. १३।२०८१।३।११ बाट पेस्की रु.३५,००,०००।- भुक्तानी भएको छ । लेखापरीक्षण अवधि (२०८१ असोज) सम्म पेस्की भुक्तानी भएको ३ महिना व्यतित भए तापनि निर्माण कार्य शुरू गरेको देखिएन । पालिकाले निर्माण कार्य सुरु गराई निर्धारित समयमा कार्य सम्पन्न गराउन जीसीसीको ३४.१ अनुसार अद्यावधिक कार्यतालिका पेश गर्न लगाई सो अनुसार कार्य सम्पादन भएको सुनिश्चित गर्न अनुगमनसमेत गर्नु पर्दछ ।

६४ **बढी भुक्तानी**

सडक तथा पुलको लागि स्टाण्डर्ड स्पेसिफिकेशनमा ढुङ्गाको माथि लेभलिङ गरिने पीसीसीको मोटाई १० एमएम हुने उल्लेख छ । गोश्वारा भौचर नं. १२।२०८१।३।१६ र भौचर नं. ५।२०८०।१२।१३ बाट निर्माण खर्च रकम भुक्तानी दिँदा निर्माण व्यवसायीले सो भन्दा फरक तरिकाले गरेको कार्य नापी किताबमा चढाई निम्नानुसार बढी भुक्तानी दिएको रू.७१,१७६।- असुल गर्नु पर्ने देखिएको रू....

| कामको विवरण | दिएको परिमाण | नर्म अनुसार हुने परिमाण | वढी परिमाण | भुक्तानी दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| सेगुना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | | | | | २६३२४ |
| Bed Level PCC1:3:6 | 14.70*.70*.15 | 14.70*.70*.10 | 0.45 | १३१३८.१३ | ५९१२ |
| | 1.54 | 1.029 | | | |
| सिढी स्टेपको तल PCC | 23.30*1.20*.15 | 23.30*1.20*.10 | 1.4 | १४५८० | २०४१२ |
| | 4.19 | 2.79 | | | |
| ईवा कावेली कन्सट्रक्सन | | | | | ४४८२२ |
| Bed Level PCC1:3:6 | 14.60*2.30*.20 | 14.60*2.30*.10 | 3.37 | १३३००.२ | ४४८२२ |
| | 6.72 | 3.35 | | | |
| दुवैको जम्मा रू | | | | | ७११४६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,१४६ |

६५ **ठेक्का नं. १-CWBT-०८१**

पालिकाको ३ नम्बर वडा कार्यालय भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी माङ्नेनालुङ कन्सट्रक्सन र पालिकाबीच रु. ९४,३२,३४४।५९ (मु.अ.कर समेत) मा २०८१।३।१५ सम्म सम्पन्न गर्ने गरी २०८०।६।३ मा सम्झौता गरेकोमा रू.९०,९३,०२७ मा सम्पन्न गरी भई अन्तिम बिल भुक्तानी गरेको छ। उक्त भवन निर्माणको खरिद कार्यका सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

६५.१ **पुरानो भवन भत्काउँदा निस्केको सामग्री व्यवस्थापन** - पालिकाले निर्माण व्यवसायीको बिल भुक्तानी दिँदा पुरानो भवनको ढुङ्गाको गारो ४८.६० घनमिटरको लागि डिस्मेन्टल गरेको रू.१,९४,४००।- भुक्तानी दिएको छ । पुरानो भवनमा रहेको काठ तथा जस्ताको परिमाण सम्बन्धमा उल्लेख गरेको देखिएन । पालिकाले भत्काउँदा निस्केको काठ, जस्ता र ढुङ्गा लगायतका पुन: प्रयोग हुने सामग्री प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नु पर्नेमा गरेको देखिएन । सिमेन्टको जोडाईमा लगाउने ढुङ्गाको गारोमा निस्कने ढुङ्गाबाट भवन नर्म्स अनुसार ३५ प्रतिशत मोर्टारको भाग, १० प्रतिशत भत्काउँदा हुने वेस्टेज र १० प्रतिशत पुन: प्रयोग गर्दा हुने वेस्टेज घटाउँदा पनि ४५ प्रतिशत ढुङ्गा प्रयोग गर्न सकिने देखिन्छ । सो अनुसार भवनबाट निस्कने २१ घनमिटर ढुङ्गा उपयोग योग्य हुने देखिन्छ । निर्माण व्यवसायीले भत्काउँदा निस्केको ढुङ्गा पालिकालाई बुझाएको नदेखिएकोले भवन मै प्रयोग गरेको देखियो । उक्त परिमाणको ढुङ्गाको कार्यालयले गरेको दर विश्लेषण प्रति घनमिटर रू.२,३००।- ले हुने रू.४८,३००।- असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,३०० |

६५.२ **भेरिएशन वेगर बढी परिमाण भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग भएको सम्झौतामा समेत भेरिएशनको व्यवस्था रहेको छ । पालिकाले ११।२०८१।३।१६ बाट भुक्तानी दिएको रू.२६,११,९२२।- को अन्तिम बिल परीक्षण गर्दा देहायका आईटममा भेरिएशन स्वीकृत नगरी देहायअनुसार स्वीकृत परिमाणभन्दा बढी भुक्तानी दिएको देखियो । नियमको प्रकृयाअनुसार भेरिएशन स्वीकृत नगरी स्वीकृत परिमाण भन्दा बढी परिमाणको भुक्तानी दिएको नियमित नदेखिएको रु.

| आईटम नम्बर र कामको विवरण | एकाई | स्वीकृत परिमाण | भुक्तानी परिमाण | बढी परिमाण | दर | रकम रू |
|---|---|---|---|---|---|---|
| 7 Stone Soling | घ.मि | २९.११ | ३३.४७ | ४.३६ | ७००० | ३०५२० |
| 8 Brick Masonry | घ.मि | ५०.०५ | ५६.६० | ६.५५ | १५००० | ९८२५० |
| 11 PCC M15 for ground floor | घ.मि | १०.२८ | १६.८१ | ६.५३ | ८००० | ५२२४० |
| 11 PCC 1:1.5:3 | घ.मि | ८८.५८ | ९४.६४ | ६.०६ | १४००० | ८४८४० |
| Plaster 1:6 | वर्ग मि | ५६७.५२ | ७३८.८० | १७१.२८ | २५० | ४२८२० |
| **जम्मा** | | | | | | **३०८६७०** |

| अनियमित भएको | ३,०८,६७० |
|---|---|

६५.३ **ल्याव शुल्क** - पालिका कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर नियमित परीक्षणको प्रतिवेदन संलग्न गरी (निर्माण कार्यको प्रथम रनिङ बिल गोश्वारा भौचर नं. ४।२०८०।११।१८) गुणस्तर परीक्षण वापत दावी गरेको रू.४०००।- प्रोभिजनल समबाट भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| असुल गर्नुपर्ने | ४,००० |
|---|---|

६६ **पालिकाको समपूरक रकम प्रदेश समपूरकबाट खर्च**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ को दोस्रो संशोधनको सि. नं. ४(२) मा प्रदेश सरकारले व्यहोर्ने अंश बढीमा ६५ प्रतिशत हुने उल्लेख छ । पालिकाले २ वटा निर्माण कार्यमा रू.१८,३९,८३५।- खर्च गर्दा प्रदेश समपूरकबाट रू.११,९५,२४३।- र पालिकाबाट रू.६,४३,९४२।- खर्च लेख्नु पर्नेमा प्रदेशतर्फ रू.१६,८९,८३५।- र पालिकाबाट रू.१,५०,०००।- खर्च लेखेकोले प्रदेश समपूरकको अंशभन्दा बढी खर्च लेखेको रकम प्रदेश सञ्चित कोष फिर्ता गर्नु पर्ने देखिएको रू..

| प्रमाण पेश नगरेको | ४,९३,९४२ |
|---|---|

६७ **फरक कार्यमा खर्च**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ को दोस्रो संशोधनको सि. नं. ९ मा समपुरक अनुदान तीन किस्तामा उपलब्ध गराईने र यो रकम जुन आयोजना वा कार्यक्रममा प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले वडा नं.३ भवन निर्माण कार्यको लागि प्राप्त गरेको समपूरक अनुदानमध्ये वडा कार्यालय भवन निर्माणको ठेक्का प्रतिस्पर्धाबाट बचत भएको रकम प्रदेश सञ्चित कोष फिर्ता नगरी पुन: कार्यालय परिसरमा ढुँगाको रिटेनिङ वाल लगाउने तथा सिँढी बनाउने कार्यमा प्रतिस्पर्धा वेगर २ निर्माण कार्य सोझै खरिद प्रक्रियाबाट कार्य गराई रू.१८,३९,८३५।- खर्च लेखेको देखियो । प्रदेश सञ्चित कोष फिर्ता गर्नु पर्ने रकम स्वीकृत योजना बाहेक अन्य कार्यमा खर्च गरेको नियमित नदेखिएको रू.

| अनियमित भएको | १८,३९,८३५ |
|---|---|

६८ **सामाजिक सुरक्षातर्फ**

६८.१

नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरूका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रूपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व. को चार त्रैमासिकको औषत संख्या, यस आ.व.को चार त्रैमासिकमा कायम र चार त्रैमासिकको औषत संख्या यस प्रकार रहेको देखिन्छ:

| **लक्षित समूह** | **आ.व.२०७९।८० को चार त्रैमासिकको औषत संख्या** | **२०८०/८१ प्रथम त्रैमासिकमा कायम संख्या** | **२०८०/८१ दोस्रो त्रैमासिकमा कायम संख्या** | **२०८०/८१ तेस्रो त्रैमासिकमा कायम संख्या** | **२०८०/८१ को चौथो त्रैमासिकमा कायम संख्या** | **आ.व.२०८०।८१ को चार त्रैमासिकको औषत संख्या** | **मासिक भत्ता दर रू.** |
|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ नागरिक | ९२७ | ९२७ | ९४५ | ९५० | ९६८ | ९४८ | ४००० |
| अन्य ज्येष्ठ नागरिक (दलित) | ४९ | ४८ | ४६ | ४७ | ५० | ४८ | २६६० |
| ज्येष्ठ नागरिक (एकल महिला) | १०४ | १०२ | ९४ | ८९ | ८४ | ९२ | २६६० |
| विधवा | १२५ | १२१ | १२७ | १३३ | १३४ | १२९ | २६६० |
| पूर्ण अपाङ्ग क वर्ग | ५३ | ५१ | ५१ | ५३ | ५५ | ५३ | ३९९० |
| आंशिक अपांग ख वर्ग | १२९ | १३० | १२९ | १३२ | १३३ | १३१ | २१२८ |
| दलित बालबालिका | ९३ | ७८ | ७६ | ८१ | ७८ | ७८ | ५३२ |
| **जम्मा** | **१४८०** | **१४५७** | **१४६८** | **१४८५** | **१५०२** | **१४७८** | |

६८.२ **मृतकलाई भत्ता भुक्तानी** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा ११ मा तथा सामाजिक सुरक्षा ऐनको दफा १९ मा सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने, कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्ने, घटना दर्ता गर्दा लाभग्राही विवरणसमेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने र लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । साथै मृत्यु भएको व्यक्तिलाई मृत्यु मितिसम्मको मात्र भत्ता वितरण गर्नु पर्ने व्यवस्था सो कार्यविधिले गरेको छ । लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले सो कानुनी व्यवस्थाको पालना गरी लगत कट्टा गरेको देखिएन । यसरी मृत्यु मिति पश्चात समेत मृतकको नाम निकासा भएको रकम बैंकबाट फिर्ता लिई संघीय संचितकोष दाखिला हुनु पर्ने रू.

| लाभग्राहीको नाम | मृत्यु मिति | उमेर | नागरिकता नं. | ठेगाना | किस्ता | पाउने रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| दल बहादुर राई | ०९/१६/२०८० | ८१ | ४१९-८४२ ताप्लेजुङ/ २०४४-११- | ताप्लेजुङ जिल्ला , पाथीभरा याङवरक गाउँपालिका , वडा नं. १ | दोस्रो | १०१३३ | १२००० | १८६७ |
| | | | | | तेस्रो | ० | १२००० | १२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,८६७ |

६८.३ **सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन् -**

**(क) लगत कट्टाको अभिलेख -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन जान्छ । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

**(ख) पारदर्शिता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

**(ग) नवीकरण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रूपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्नु तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

**(घ) सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

**(ङ) अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

**(च) निस्कृय खाता -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसूची १० मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरू मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको

विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निस्कृय खाता र सो खाताहरूमा रहेको रकमहरूको विवरण बैंकसँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गाउँ तथा नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची १ (क) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुबिधा पाउने व्यवस्था गरेको छ । त्यस्तै अनुसूचीको द्रष्टब्यमा गाउँपालिकामा पदाधिकारीले मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाका देहायबमोजिमका पदाधिकारीहरुले अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन भत्ता भुक्तानी लिएको देखिएकोले अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रू.
<table>
<tr><th>सि.नं.</th><th>नाम थर</th><th>पद</th><th>मासिक सुबिधा दर</th><th>बार्षिक भुक्तानी रकम रू.</th></tr>
<tr><td>१</td><td>श्री रन माया गुरूङ</td><td>गाउँपालिका उपाध्यक्ष</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>२</td><td>श्री जीतमान तामाङ</td><td>वडाध्यक्ष</td><td>४०००</td><td>४८०००</td></tr>
<tr><td>३</td><td>श्री दिल कुमार सुनुवार</td><td>वडाध्यक्ष</td><td>४०००</td><td>४८०००</td></tr>
<tr><td>४</td><td>श्री पूर्ण बहादुर तिवारी</td><td>वडाध्यक्ष</td><td>४०००</td><td>४८०००</td></tr>
<tr><td>५</td><td>श्री बलु राम लिम्बु</td><td>वडाध्यक्ष</td><td>४०००</td><td>४८०००</td></tr>
<tr><td>६</td><td>श्री एलिसा इङनाम</td><td>कार्यपालिका सदस्य</td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td>७</td><td>श्री जसोदा नेपाली</td><td>कार्यपालिका सदस्य</td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३६००००</td></tr>
</table>
</td><td>३,६०,०००</td></tr>
</table>

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| २ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार गरी लागू गर्नुपर्ने उल्लेख छ । पालिकाले आवधिक योजना (२०८१/८२-२०८५/८६) पिकासो कन्सल्टेन्ट प्रा.लि.सँग भ्याट सहित रु.१९,८४,९८६।२५ मा सम्झौता गरी कार्य गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:<br>**क) दिग्दर्शनको पालना :** स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा एकरुपता, सहजता कायम गर्न, प्रक्रिया स्पष्ट गर्न तथा दिगो विकास लक्ष्य राष्ट्रिय योजना, प्रदेश योजना र स्थानीय आवधिक योजनाबीच अन्तरसम्बन्ध कायम गर्न सहयोग गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा आवधिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषय उल्लेख छ । पालिकाले कार्यक्षेत्रगत शर्त तयार गर्दा उक्त दिग्दर्शनका देहायका विषयहरुलाई समावेश गरेको देखिएन ।<br>**ख) कार्यक्षेत्रगत शर्त :** अन्तिम प्रतिवेदनले कार्यक्षत्रगत शर्त अन्तर्गतका सम्पूर्ण विषय समेट्नु पर्दछ ।<br>लेखापरीक्षणको क्रममा कार्यक्षेत्रगत शर्तको पालना अवस्थाको परीक्षण गर्दा प्रतिवेदनमा देहायका विषय समेटिएको देखिएन :<br>- आवधिक योजना तर्जुमा प्रक्रिया बमोजिम अभिमुखीकरण तथा तयारी कार्यशाला, विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा, वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण तयार एवम् अद्यावधीकरण गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिमको सम्पूर्ण कार्य गरेको प्रमाण संलग्न गरेको देखिएन ।<br>परामर्श सेवाको कार्यक्षेत्रगत शर्तमा प्रवृत्ति विश्लेषण (Trend Analysis) गर्नुपर्ने उल्लेख गरेको छ । परामर्श दाताले पेस गरेको प्रतिवेदनमा विगतको राजस्व असुलीको तथ्यांक उल्लेख गरेको भए तापनि योजना अवधिमा प्राप्त हुने कुल आम्दानी र सो प्राप्त हुने स्रोत यकिन गरी योजना अवधिको लागि राजस्वको प्रक्षेपण गरेको देखिएन । योजना अवधिमा प्रक्षेपण गरिएको खर्चलाई सम्बोधन गर्न सक्ने सम्भावित आम्दानी र सोको स्रोतहरुको पहिचान, विश्लेषण हुन नसकेको कारण प्रतिवेदनले आगामी वर्षको बजेट निर्माण कार्यलाई सहयोग हुने ठोस आधार दिन सकेको देखिएन ।<br>- कार्यक्षेत्रगत शर्तमा दिगो विकासका लक्ष्यलाई पालिकाको सन्दर्भमा आन्तरिकिकरण गरी विषय उपक्षेत्रगत योजना तथा परिमाणात्मक लक्ष्य निर्धारण गर्नुपर्ने उल्लेख भएकोमा सो बमोजिम कार्य गरेको देखिएन ।<br>- कार्यक्षेत्रगत शर्तमा राजस्व संकलन र बाँडफाँट योजना, आम्दानीको स्रोतको सुधार कार्ययोजना तयार विपद् व्यवस्थापन कार्ययोजना तयार गर्नुपर्ने उल्लेख भएकोमा प्रतिवेदनमा सो अनुसारका कार्य योजना समावेश गरेको देखिएन ।<br>- आवधिक योजनाले पालिकाको यथार्थ वस्तुस्थिती तथा लक्ष्य यकिन नगर्दा स्रोत विनियोजनको प्राथमिकता स्पष्ट नभई पालिकाको वास्तविक लक्ष्य उद्देश्य प्राप्त गर्न सकिने देखिँदैन । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ अनुसार सम्पुर्ण कार्य समावेश गरी कार्यक्षेत्रगत शर्त तयार नगरेको तथा परामर्शदातालाई कार्यक्षेत्रगत शर्त अनुसार कार्य सम्पन्न नभई कार्य स्वीकार गरी भुक्तानी दिएको देखिन्छ । | ० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| ३ | **स्वास्थ्य उपकरण खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । साथै नियम ११५ मा आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ । पालिकाले बर्थिङ सेन्टरको लागि ILR मेशिन लगायत विभिन्न उपकरण/सामग्रीहरु सोझै खरिद गरी भौचर नं ३५४-२०८१।३।१२ बाट रू.६,९४,४१९।- र भौचर नं. ४२४-२०८१।३।२१ बाट रू.१३,८४,९८५।– गरी जम्मा रू.२०,७९,४०४।– भुक्तानी दिएको छ । उक्त उपकरण नियमावलीको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परीक्षण गरेको देखिएन । साथै उक्त उपकरण/ सामग्रीहरु लेखापरीक्षण अवधिसम्म पालिकाको स्टोरमा मौज्दातमा रहेको देखिन्छ । बर्थिङ सेन्टरको भौतिक निर्माण कार्य सम्पन्न हुने क्रममा रहेकोले निर्माण कार्य सम्पन्न भए पश्चात उक्त सामग्रीहरु बर्थिङ सेन्टरलाई हस्तान्तरण गरिने भन्ने पालिकाको भनाई रहेकोमा खरिद गरेका सामान उद्देश्य अनुरुप बर्थिङ सेन्टरहरुलाई हस्तान्तरण गरेको र बर्थिङ सेन्टरहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने बेरुजु उल्लेख भएकोमा पालिकाले बर्थिङ सेन्टर/स्वास्थ्य चौकीहरुलाई सामग्रीहरु हस्तान्तरण गरेको र बर्थिङ सेन्टरहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण प्रतिक्रियामा पेश गरेको छ । खरिद गरेका सामान लामो समयावधिसम्म प्रयोग नगरी स्टोरमा राख्दा गुणस्तरमा कमि आउने, प्रयोग विहिन अवस्थामै वारेन्टी अवधि समाप्त हुने हुनाले आवश्यकताको पहिचान गरेर मात्र खरिद कार्य गर्नु पर्दछ । | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ , पाथीभरा याङवरक गाउँपालिका , ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अभिषेक घिमिरे | २०८०-६-११ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | जनार्दन निरौला | २०७९-५-६ | २०८०-६-१० |
| लेखा प्रमुख | गोपाल भट्टराई | २०७९-११-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३७०,९५५ | ८,०३४,४०५ | ८,४३८,७४६ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १७,८४४,१०६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७,६३६,६३९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ३६०,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १०,५६७,४६७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १००९६६२२९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७१८९४२५६.३३ | चालु खर्च | २६१८६५८२५.६९ |
| प्रदेश सरकारबाट अनुदान | १२५२२२०१ | पूँजीगत खर्च | ११३१९६२५८ |
| राजश्व बाँडफाँट | ६१७९४५०२.१८ | वित्तीय/अन्य व्यवस्था | ७९८७७६६६.९३ |
| आन्तरिक आय | ५५८११५३.४६ | | |
| अन्य आय | ७३३६०८२०.९८ | | |
| कुल आय | ४२५१५२९३३.९५ | कुल खर्च | ४५४९३९७५०.६२ |
| बाँकी मौज्दात | | ७११७९४१२.३३ | |

# अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका विषय |
|---|---|---|
| 1 | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| 2 | कृषि तथा पशु विकास कार्यक्रम | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम |
| 3 | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| 4 | शिक्षा तर्फ | शिक्षा तर्फ |
| 5 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| 6 | संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| 7 | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 8 | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने । | अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| 9 | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| 10 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| 11 | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| 12 | विविध | अन्य विषयहरू |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ । समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।